का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ मंसिर २०८२
बिहीबार
4 December 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक २९४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# पार्टीमा वृद्ध शासन



“नेता बन्न खोज्ने धेरैको प्रवृत्ति नेतृत्वसँग सौदाबाजीमा सीमित छ। सोही कारण लोकतान्त्रिक आँखाबाट हेर्दा चुनाव लडेरै पनि उनै नेता आइरहेका छन्।’

● **राम गुरुङ**
**समाजशास्त्री**



“बहुमत जनताले स्वीकार गरे तापनि एकै व्यक्ति दुई कार्यकालभन्दा बढी नेतृत्वमा रहने विषयलाई परिपक्व लोकतन्त्र मानिन्न। यो नयाँ पुस्तालाई सिकाउन आवश्यक छ।

● **सम्राट शर्मा**
**समाजशास्त्री**




कानुनले ६० वर्ष उमेर नाघेका व्यक्तिलाई ज्येष्ठ नागरिक मान्दछ । अधिकांश राजनीतिक दलको नेतृत्वमा भने ७० वर्ष उमेर कटेकाहरूकै हालीमुहाली छ । यसप्रति नयाँ पुस्ताको असन्तुष्टि छ ।

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, १७ मंसिर

माओवादी केन्द्र र एकीकृत समाजवादीसहितका वाम दलहरूको एकताप्रति कटाक्ष गर्दै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले २४ कात्तिकमा कटाक्ष गरेका थिए, ‘साथीहरू ज्येष्ठ नागरिक आश्रम खोलेर बस्दै हुनुहुन्छ । अझै एक/दुई जना समेट्न बाँकी छ । बाग्लुङ र प्युठानबाट समेट्नुभयो भने कोर्स पूरा हुन्छ उहाँहरूको ।’

उनले समेट्न बाँकी भनेर नेकपा मसालका ९० वर्षीय महामन्त्री मोहनविक्रम सिंह र राष्ट्रिय जनमोर्चाका ८४ वर्षीय अध्यक्ष चित्रबहादुर केसीतर्फ संकेत गरेका थिए । एकता छाडेर एमालेमा फर्किएकी रामकुमारी झाँक्रीलगायतका नेताहरूलाई स्वागत गर्दै ओलीले ६७ वर्षीय भीम रावलप्रति पनि टिप्पणी गर्न भ्याए, ‘मान्छे उमेरले मात्र बुढो हुने होइन । कोहीकोही छैटौं नम्बर पाएपछि कुँदी हाल्दा रहेछन् ।’

ओलीले भनेझैं नेपाली कम्युनिस्ट पार्टीका शीर्ष नेताहरू ७० कटेका छन् । संयोजक पुष्पकमल दाहाल प्रचण्ड ७१ वर्षका छन् भने सहसंयोजक माधवकुमार नेपाल ७३ वर्ष पुग्दै छन् । तेस्रो वरीयतामा रहेका अर्का पूर्वप्रधानमन्त्री झलनाथ खनाल र चौथो वरीयताका नेता वामदेव गौतम त झन् ७६ वर्ष नाघेका छन् ।

आफ्नो पार्टीलाई ज्येष्ठ नागरिक आश्रम भनिएकोप्रति नेता रावलले प्रतिवाद गरेका छन् । १४ मंसिरमा पोखरा र १५ मंसिरको विराटनगर सन्देश सभामा उनले यो विषयलाई आफ्नो भाषणको विषय बनाए । ‘केपी ओलीले नेपाली कम्युनिस्ट पार्टी बुढाहरूको पार्टी हो भनेर भन्नुभएछ । मलाई अचम्म लाग्यो । मैले उहाँलाई केही वर्षदेखि हेरेको, कयौं दिन त उहाँ बालुवाटारमै सुतिरहनुहुन्थ्यो,’ रावलको जवाफ थियो, ‘हामीसँग प्रतिस्पर्धा गर्नुपरेन । हाम्रो पार्टीको संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग मर्निङ वाक गरेर देखाउनुस् । कसले हिँड्दो रहेछ बढी । अनि को बुढा, को तन्नेरी ?’

प्रचण्ड-माधव नेतृत्वको पार्टीलाई ज्येष्ठ नागरिकको आश्रम भनेका ओली स्वयं ७४ वर्षका छन् । उनको पार्टीमा वृद्धको झन् लामो लाइन छ । आउँदो २७-२९ मंसिरमा उनलाई चुनौती दिन तम्सिएका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल ७१ वर्षका छन् भने युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्य ७२ वर्ष पुगिसकेका छन् । रामबहादुर थापा बादलसमेत ७० वर्ष नाघेका छन् ।

नेतृत्वमा वृद्धको हालिमुहाली चलेको यी दुई वाम दलमा मात्र होइन । संसद्मा प्रतिनिधित्व रहेका राप्रपा र रास्वपाबाहेक सबैजसो दलको मूल नेतृत्व ७० कटेको छ । संसद्बाहिर रहेका दलहरूको पार्टीसत्ता पनि वृद्ध नेताकै हातमा छन् ।

विघटित प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा ७९ वर्षका छन् । अर्को महिना २६-२८ पुसमा हुने १५औं »» पृष्ठ २ मा

# नलिन्चोक हेलिपोर्टमा भ्रष्टाचार

■ सम्भाव्यता अध्ययनदेखि नै अनियमिता ■ मिलोमतोमा कमिसन



**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १७ मंसिर

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी र तत्कालीन निर्देशक मुरानी भण्डारी सहित ६ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा लागेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भक्तपुरको नलिन्चोक हेलिपोर्ट निर्माण सुरु हुनुअघिदेखि नै मिलोमतोमा सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको ठहर गरेको हो । सोही प्रकरणमा उनीविरुद्ध बुधबार मुद्दा दायर गरिएको हो ।

अधिकारीलाई तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आलेले चार वर्षअघि प्राधिकरणको महानिर्देशकमा नियुक्त गरेका थिए । अधिकारी नियुक्तिमा समेत सिनियर कर्मचारी हुँदाहुँदै पनि शक्तिको भरमा ११औं तहमा रहेका उनलाई महानिर्देशक बनाइएको थियो । त्यसपछि बनेको सरकारले उनलाई हटाउन खोजे पनि सकेका थिएनन् । जेनजी आन्दोलनपछि बनेको सरकारले भ्रष्टाचारको फाइल खोल्ने सुरु गरेसँगै प्राधिकरणका कर्मचारीलाई अख्तियारले मुद्दा दायर गरेको हो । अख्तियारले सुरक्षाका दृष्टिकोणले जोखिमपूर्ण ठाउँमा हेलिपोर्ट निर्माण चरणदेखि »» पृष्ठ २ मा

## हचुवाको भरमा आयोजना

अख्तियारले हेलिपोर्ट निर्माणका लागि अनिवार्य हुने सम्भाव्यता अध्ययनसमेत नगरेको जनाएको छ । कानुनी स्वीकृति नलिई प्राविधिक तथा वित्तीय प्रस्ताव माग गरिएको, अनुभवहीन परामर्शदाता फर्मलाई मिलेमतोमा छनोट गरिएको र विस्तृत परियोजना प्रतिवेदनसमेत पूर्णरूपमा नबनाई खरिद प्रक्रिया अघि बढाइएको अख्तियारको ठहर छ ।

यस्तै, सार्वजनिक खरिद ऐन तथा नियमावलीले माग गरेका ‘स्पेसिफिकेसन’, योजना, डिजाइन, खरिद गुरुयोजना, वार्षिक खरिद योजना तथा बजेट स्वीकृतिअघि नै निर्माण प्रक्रिया अगाडि बढाएर अनिमियता गरेको अभियोजन गरिएको छ । हेलिपोर्ट निर्माण गर्दा सरकारको पूर्वस्वीकृति तथा वातावरणीय प्रभाव मूल्यांकनसमेत नगरिएको अख्तियारले दायर गरेको आरोपपत्रमा उल्लेख गरिएको छ । निर्माण चरण हुनुभन्दा अघि नै कर्मचारीको मिलेमतोद्वारा भ्रष्टाचार भएको भन्दै अख्यियारले मुद्दा दायर गरिएको जनाएको छ । हचुवाको भरमा १७ करोड ५४ लाख ४५ हजार ३ सय ८९ बराबरको लागत अनुमान गरेर स्वीकृत गरिएको र त्यसको दुई दिनपछि नाम मात्रको खरिद गुरुयोजना तयार गरिएको देखिन्छ । यस्तै, नेपाल नागरिक उडड्यन प्राधिकरण सञ्चालक समितिले १५ करोड बजेट पारित गरेर काम अगाडि बढाएको थियो । हेलिपोर्टजस्तो संवेदनशील संरचना »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# पोर्चुगलको फुन्चालमा घुम्ती शिविर हुँदै

**भरत प्रधान/मध्यान्ह**
पोर्चुगल लिस्बन, १७ मंसिर

पोर्चुगलको मदेइरा आइल्यान्डमा राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी दुईदिने घुम्ती शिविर सञ्चालन हुने भएको छ । लिस्बनस्थित नेपाली दूतावासको टोलीले यही डिसेम्बर ६ र ७ तारिख शनिबार र आइतबार मदेइरा आइल्यान्डको फुन्चालमा सो शिविर सञ्चालन गर्ने भएको छ । दूतावासका अनुसार शिविरमा राहदानी नवीकरण, प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट), पारिवारिक कागजातलगायत अन्य कागजात प्रमाणीकरण, अधिकृत वारेसनामा प्रमाणीकरणलगायतका सेवा प्रदान गरिनेछ । टोलीले राहदानीको म्याद सकिएका, हराएका, क्षति भएका तथा राहदानीको म्याद ६ महिनाभन्दा कम रहेकाहरूको विद्युतीय राहदानी (ई-पासपोर्ट)का लागि जैविक विवरणसहितको आवेदन संकलन गर्ने दूतावासले जनाएको छ । राहदानी नवीकरण तथा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट)लगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई सहज सेवा उपलब्ध गराउने योजनाअनुरूप मदेइरामा घुम्ती शिविर सञ्चालन गर्न लागिएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले बताए । ‘मदेइरा आइल्यान्डबाट दूतावास धाउन टाढा भएकै कारण सो क्षेत्रमा बसोबास गर्ने नेपालीलाई राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणमा समस्या नहोस् भन्ने उद्देश्यले टोली खटाएरै सेवा दिन लागेका हौं,’ राजदूत पौडेलले भने, ‘हामीले सो क्षेत्रका नेपालीको सहजताका लागि दूतावासको बिदाको दिन सदुपयोग गरेर शिविर सञ्चालन गर्न लागेका हौं ।’ शिविरबाट त्यहाँ रहेका धेरै नेपाली लाभान्वित हुने अपेक्षा गरिएको उनले बताए । घुम्ती शिविर सञ्चालन हुने भएपछि राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका सो क्षेत्रका नेपालीलाई राहत मिल्ने भएको छ । यसअघि गत महिना पनि दूतावासले पोर्चुगलको फारो सहरमा घुम्ती शिविर सञ्चालन गरेको थियो ।

## विदेश पठाउने भन्दै ठग्ने दुई पक्राउ

**काठमाडौं/मस–** अल्बानिया, अजरबैजान, मेसोडोनिया सर्वियालगायतका देशमा वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी गरेको उजुरीमा प्रहरीले दुई जना पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले वैदेशिक रोजगारीका लागि अल्बानिया, अजरबैजान, मेसोडोनिया सर्बियालगायतका विभिन्न देशहरूमा पठाइदिने भनी १ करोड २५ लाख ७८ हजार ८ सय ठगी गरेको उजुरीका आधारमा चितवन कालिका घर भई हाल ललितपुर बस्दै आएका श्यामचन्द्र अधिकारीलाई पक्राउ गरेको हो । उनले ६ जनाबाट सो रकम ठगेको उजुरी परेको प्रहरीले बताएको छ । त्यस्तै, अल्बानिया पठाउने भन्दै चार जनाबाट ३ लाख ८० हजार लिएर सम्पर्कविहीन भएको उजुरीमा सर्लाही ब्रह्मपुरीका चन्द्रभूषण प्रसाद पक्राउ परेका छन् । बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारेर रकम असुल गरी सम्पर्कविहीन हुने क्रम बढेको प्रहरीले बताएको छ । »» पृष्ठ २ मा

# यौन व्यवसायमा बालिकाको प्रयोग

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १७ मंसिर

बनेपाकी १५ वर्षकी निकिता (परिवर्तित नाम) बाबुआमाको वैवाहिक सम्बन्धविच्छेद भएपछि मामाघरमा बस्न थालिन् । त्यहाँ पनि उनले उचित स्याहारसुसार र लालनपालन पाइनन् । त्यसपछि उनले विकल्प खोज्न थालिन् । उमेर बढ्दै गएपछि कामको खोजीमा काठमाडौं आइपुगिन् । उनलाई छिमेकी दाइले काठमाडौं ल्याए । बागबजारको एक मसाज सेन्टरमा काम सिक्ने र पछि आफैं व्यवसायी बन्न सक्ने सपना देखाए । उनले काम सिक्न थालिन् । सञ्चालकले एक दिन आफूले भनेको काम गरेमा राम्रो पैसा दिने भन्दै प्रलोभनमा पारे । उनी मसाज सेन्टरमा काम सिक्न गएकी थिइन् तर यौन व्यवसायमा लाग्नुपर्ने बाध्यता आइपर्‍यो ।

काठमाडौं पस्दा सिन्धुलीकी सविता (परिवर्तित नाम) १४ वर्षकी थिइन् ।





कमजोर पारिवारिक अवस्था, पेटभरि खान र एकसरो कपडा लगाउनसमेत धौधौ । गरिबीबाट पार पाउन काठमाडौं आउने निधो त गरिन् तर बिरानो सहरमा चिनजानका कोही थिएनन् । बल्लबल्ल गाउँकै मामा पर्ने व्यक्तिको सम्पर्कमा पुगिन् । उनै मामाले सवितालाई काठमाडौंस्थित सुनधारा दोहोरी साँझमा काम लगाइदिए । दोहोरी साँझमा वेटरको काम पाएकी उनले पहिलो दिन नै यौन दुर्व्यवहार सहनुपर्‍यो । तर सविताले आफू यौन दुर्व्यवहारमा पर्दै छु भन्ने पत्तोसमेत पाइनन् । दोहोरी साँझमा आउने ग्राहकले अश्लील शब्द बोल्ने, शरीरका संवेदशील अंगमा छुने र जिस्काउने गर्न थाले । सुरुमा उनलाई असहज लाग्यो । तर ग्राहक र सञ्चालकबीच पैसामा सहमति भइसकेको रहेछ । सञ्चालकले उनलाई धेरै पैसाको प्रलोभन देखाएर फकाउन थाले । पैसाकै प्रलोभनमा विस्तारै उनी यौन व्यवसायमा फसिन् । निकै वर्ष उनले वाध्यतामा काम गर्नुपर्‍यो । जाने ठाउँ थिएन, अरू काम पनि सिकेकी थिइनन् । दोहोरी साँझ तथा रात्रि व्यवसायमा यौन व्यवसायमा संलग्न भएको थाहा पाएपछि सवितासहित थुप्रै बालिकालाई प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरो उद्धार गर्‍यो ।

काभ्रेकी १५ वर्षीया रमिला (परिवर्तित नाम) दिनहुँ बाबुआमाको झगडाले वाक्क भएर एक वर्षपहिले भागेर काठमाडौं आइन् । बिरानो ठाउँ, चिनेजानेका कोही थिएनन् । उनी काठमाडौंको बसपार्कमा पुगिन् । एक जना होटल सञ्चालकसँग आफू घरबाट भागेर आएको र काम मिलाइदिन आग्रह गरिन् । थापालाई होटल सञ्चालकले काम लगाइदिए । काम गरेबापत खान, बस्न र पैसा दिने विश्वास दिलाए । उनी होटलमै काम गर्न राजी भइन् । केही दिनपछि रमिता पनि यौन दुर्व्यवहारमा परिन् । होटल सञ्चालकले ग्राहकलाई खुसी पार्न दवाब दिन थाले । »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१८ मंसिर २०८२ बिहीबार
4 December 2025 Thursday

# ‘दलित समुदायका लागि सरकार प्रतिबद्ध छ’



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले दलित समुदायका लागि संविधान र कानुनले दिएका अधिकारको प्रचलनका लागि सरकार प्रतिबद्ध रहेको बताएकी छिन् ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माको नेतृत्वको प्रतिनिधिमण्डलसँग सिंहदरबारमा बुधबार भएको छलफलमा प्रधानमन्त्री कार्कीले उत्पीडित समुदायले पाउनुपर्ने हक र सुविधाका लागि सरकार उदार ढंगले प्रस्तुत हुने बताएकी हुन् ।

‘संविधान र कानुनले दिएका अधिकारको प्रचलन कसैले रोक्न सक्दैन, राज्यले आफ्नो प्रतिबद्धताअनुसार काम गर्नुपर्छ,’ उनले भने । आयोगको टोलीले प्रधानमन्त्रीसमक्ष दलितका सरोकारका सम्बन्धमा सरकारले तत्काल गर्नुपर्ने भन्दै छबुँदे अनुरोधपत्र बुझाएको थियो । छलफलमा कानुनमन्त्री अनिलकुमार सिन्हा र अन्य सरकारी अधिकारीहरूसँग पनि सहभागिता थियो ।

आयोगले बुझाएको अनुरोध पत्रमा भनिएको छ, ‘थर सूचीकरणसम्बन्धी सिफारिस स्वीकृत गर्नुपर्नेछ । राष्ट्रिय दलित आयोगले नेपाल सरकारलाई पटक थर सूचीकरण सिफारिसलाई मन्त्रिपरिषद्बाट निर्णय हुन आवश्यक छ र नागरिकता तथा अभिलेख अद्यावधिक गर्नुपर्छ । मन्त्रिपरिषद्को निर्णयका आधारमा सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरी दलित समुदायका नागरिकता, जन्मदर्ता र शैक्षिक प्रमाणपत्रअनुसार नयाँ नागरिकता प्रमाणपत्रमा थर लेख्न पाउने र हिनताबोधका थर सच्याउने वा परिवर्तन गर्ने प्रक्रिया सुनिश्चित गर्नुपर्छ ।’

आयोगले कार्यविधिअनुसार उच्चस्तरीय बैठक बस्नुपर्ने र जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन कार्यविधि, २०७३ बमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा बैठक आह्वान गर्न एवं कानुनी कारबाही र हेल्प डेस्क सुदृढीकरण गर्न माग गरेको छ । त्यसैगरी जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ बमोजिम विभेद गर्नेहरूमाथि कानुनी कारबाही गर्न र दलित हेल्प डेस्क प्रभावकारी बनाउने उद्देश्यले सबै जिल्ला प्रहरी कार्यालयमा परिपत्र गर्न पनि प्रधानमन्त्रीसमक्ष अनुरोध गरेको छ ।

# महाधिवेशनमार्फत युवा सहभागिता सुनिश्चित गर्नुपर्छ : देउवा



**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको महाधिवेशनमार्फत युवा सहभागिता सुनिश्चित गर्नुपर्ने बताएका छन् । सभापति देउवालाई भेट्न गएका पार्टीका युवा नेताहरूलाई १५औं महाधिवेशनमा पार्टीलाई एकढिक्का बनाउन युवाको भूमिका महत्त्वपूर्ण रहेको बताए । सभापति देउवाले महाधिवेशनमार्फत केन्द्रीय समितिमा युवाको सहभागिता सुनिश्चित हुने वातावरण निर्माण गर्न आग्रह गरे । सभापति देउवाले पार्टीको महाधिवेशन पुस २६ देखि २८ गतेसम्म तोकिसकेकाले समयमै महाधिवेशन हुने उल्लेख गरे । सभापति देउवालाई भेट्न नेपाल विद्यार्थी संघका पूर्वअध्यक्ष एवं संविधान सभा सदस्य रञ्जित कर्ण, नेविसंघका पूर्वउपाध्यक्ष पुष्पकुमार शाही, नवीन राई, नेविसंघका पूर्वमहामन्त्री दीपक भट्टराई, नेविसंघका पूर्वकोषाध्यक्ष शिव रिमाल, कांग्रेसका युवा नेताहरू बद्री अर्याल, दिलीप ढुंगाना पुगेका थिए ।

# श्रम संस्कृति पार्टी कुनै पनि दलसँग गठबन्धन गर्दैन : साम्पाङ



**धरान (सुनसरी)/मस-** श्रम संस्कृति पार्टीका अध्यक्ष तथा धरान उपमहानगरपालिकाका नगरप्रमुख हर्कराज राई (साम्पाङ)ले आगामी चुनावमा आफ्नो दलले कुनै पनि राजनीतिक दलसँग गठबन्धन नगर्ने स्पष्ट पारेका छन् ।

बराहक्षेत्रस्थित चक्रघट्टीमा बुधबार आयोजित आमसभालाई सम्बोधन गर्दै उनले श्रम संस्कृति पार्टी स्वतन्त्र रूपमा चुनावी प्रतिस्पर्धामा उत्रिने स्पष्ट पारेका हुन् । ‘हामी कसैसँग गठबन्धन गरेर होइन, आफ्नै बल र विश्वासको आधारमा चुनाव लड्छौं,’ अध्यक्ष साम्पाङले भने, ‘नेपालको कुनै पनि राजनीतिक दल ‘चोखो र जनउत्तरदायी’ छैनन ।’ जाति, धर्मवर्गका आधारमा फुटेको देशलाई जोड्न निस्केको हो श्रम संस्कृति पार्टी मुलुकको सामाजिक एकता र श्रमको सम्मानमा आधारित राजनीतिक संस्कृति विकास आफ्नो लक्ष्य रहेको उनले उल्लेख गरे ।

अध्यक्ष साम्पाङले आफ्नो नेतृत्वमा गठन भएको श्रम संस्कृति पार्टीले हाल देशभर संगठन विस्तारलाई आक्रामक रूपमा अघि बढाइरहेको जानकारी दिए । उनले भने, ‘जेनजी आन्दोलनपछि ठूला भनिने दलहरू ‘पर्ख र हेर’ को अवस्थामा रहेको बेला श्रम संस्कृति पार्टीले संगठन विस्तारलाई तीव्रता दिएको छ । जनताको विश्वास र समर्थन वृद्धिले आफ्नो दल राष्ट्रिय विकल्पका रूपमा स्थापित भएको छ ।’

# अपांग व्यक्तिको अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध : सञ्चारमन्त्री



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले अपांगता भएका व्यक्तिको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्न सरकार प्रतिवद्ध रहेको बताएका छन् ।

अपांगता भएका व्यक्तिको ३४औं अन्तरराष्ट्रिय दिवसका अवसरमा मूल समारोह समितिले बुधबार भृकुटीमण्ड परिसरमा आयोजना गरेको समारोहमा मन्त्री खरेलले सरकारले अपांगमैत्री नीतिगत र संरचनागत सहकार्य गर्ने विश्वास व्यक्त गरे । अपांगता भएका व्यक्तिको सहयोगी निर्देशिका चाँडै कार्यान्वयनमा ल्याइने उनले विश्वास व्यक्त गरे ।

‘यसअघि राजनीतिक दलका नेताले गर्छु भने गरेनन् तर, म गर्छु भन्दैन । गरिसकेपछि गरेँ है भनेर भनौंला । हाम्रो देशमा गर्छु भन्ने रोग छ,’ मन्त्री खरेलले भने ।

सञ्चारमन्त्री खरेलले सरकारकोतर्फबाट निर्देशिका कार्यान्वयनमा ल्याउने र कम्तिमा सानो रूपमा भए पनि गम्भीर रूपमा अपांगता भएका नेपाली दाजुभाइ दिदीबहिनीका लागि केही न केही प्रक्रियाको प्रारम्भ गरिने स्पष्ट पारे । उनले सामाजिक न्याय, समता, समानता तथा विवेधरहित समाज निर्माण र सामाजिक विभेदको अन्त्य गर्न सरकार प्रतिवद्धताका साथ लाग्ने बताए ।

सञ्चारमन्त्री खरेलले प्रधानमन्त्री सुशीला कार्कीले दिवसको अवसरमा दिएको शुभकामना सन्देशमा पनि सरकार अपांगता भएका व्यक्तिको साथमा रहेको जानकारी गराइसकेकोले यसलाई अगाडि बढाउने कुरामा सरकारलाई सहयोग पुग्ने बताए । उनले सञ्चार तथा सूचना प्रविधिमन्त्रालयलाई कसरी अपांगमैत्री बनाउन सकिन्छ, नीतिगत र संरचनागतरूपमा कार्यान्वयन गर्न मन्त्रालय सहकार्य गर्न तयार रहेको उल्लेख गरे ।

### ‘निर्वाचनको सम्पूर्ण वातावरण बनिसकेको छ’

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री खरेलले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न सम्पूर्ण वातावरण बनिसकेको र सरकार निर्वाचन गराउने प्रक्रियामा अगाडि बढिसकेको बताए । उनले भने, ‘सरकारको ६ महिने अवधिको मुख्य दायित्व फागुन २१ गते निर्वाचन सम्पन्न गर्नुपर्ने छ, निर्वाचन जसरी पनि हुँदैछ, त्यसको सम्पूर्ण वातावरण बनिसकेको छ, सरकार यसमा दृढ छ । निर्वाचनसँगै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सरकार दृढतापूर्वक अगाडि बढेको छ ।’

महासंघका अध्यक्ष देवीदत्त आचार्यले अपांगमैत्री संरचना र नीतिगत सुधारका लागि सरोकारवालाको ध्यानाकर्षण गराए । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाजकल्याण परिषद्, राष्ट्रिय अपांग महासंघ नेपाल र राष्ट्रिय अपांघ कोषको संयुक्त आयोजनामा भएको कार्यक्रममा अपांगता क्षेत्रमा योगदान पुर्याउने विभिन्न व्यक्तित्वलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।

यसअघि बुधबार सञ्चार तथा सूचना प्रविधिमन्त्री खरेलको नेतृत्वमा प्रभातफेरी आयोजना गरिएको थियो । खुलामञ्चबाट सुरु भएको प्रभातफेरी भृकुटीमण्डपमा आएर सभामा परिणत भएको थियो । ‘अपांगता समावेशी समाजको प्रवर्द्धन : सामाजिक उन्नतिको संवर्द्धन’ नाराका साथ यस वर्ष अपांगता भएका व्यक्तिको ३४औं अन्तरराष्ट्रिय दिवस मनाइएको छ । अपांगता भएका नागरिकको हक अधिकार प्रवर्द्धनका लागि विश्वभर संयुक्त राष्ट्रसंघको पहलमा सन् १९९२ देखि हरेक वर्ष डिसेम्बर ३ तारिखका दिन अपांगता भएका व्यक्तिको अन्तरराष्ट्रिय दिवस मनाउन थालिएको हो । दिवसले अपांगता भएका व्यक्तिको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्ने साझा संकल्पलाई पुनः स्मरण गराएको छ ।

नेपालको संविधानले अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने तथा सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको भए पनि व्यवहारिक रूपमा पूर्ण कार्यान्वयन हुनुपर्ने माग उठ्दै आएको छ ।

# पाल्पामा ६० क्विन्टल अवैध युरिया मल बरामद

**पाल्पा/मस-** साठी क्विन्टल अवैध युरिया मल बरामद भएको छ । जिल्लाको बगनासकाली गाउँपालिका-३ आर्यभञ्ज्याङस्थित सिद्धार्थ राजमार्ग सडकखण्डमा प्रहरीले जाँच गर्ने क्रममा उक्त परिमाणमा अवैध मल बरामद गरेको हो ।

स्याङ्जाबाट बुटवलतर्फ जाँदै गरेको लुप्र ०१-००१ ख ०९५९ नम्बरको मिनी ट्रकलाई रोकी जाँच गर्दा ६० क्विन्टल मल बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक कुशलसिंह ठकुरीले जानकारी दिए ।

उनले भने, ‘विना विल बिजक मल ल्याइएको छ । जहाँ कृषक युरिया वितरक कृषि सामग्री कम्पनी लिमिटेड कुलेश्वर काठमाडौं लेखिएको छ ।’ नियन्त्रणमा लिएको अवैध मल, ट्रक र ट्रक चालकसहित आवश्यक कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय रुपन्देही पठाइएको प्रहरी निरीक्षक ठकुरीले जानकारी दिए ।

## पार्टीमा...

महाधिवेशनबाट नेतृत्व ताकेका नेता डा. शेखर कोइराला पनि ७५ वर्षका भइसकेका छन् । अघिल्लो महाधिवेशनमा देउवाका प्रतिस्पर्धी थिए ।

वृद्ध नेतृत्वको शासनको मारमा नेपालका वामपन्थी दलहरू बढी ग्रसित देखिएका छन् । भक्तपुरलगायतका सीमित जिल्लामा प्रभाव रहेको पुरानो वाम दल नेपाल मजदुर किसान पार्टी वयोवृद्ध नेता नारायणमान विजुक्छेको निरन्तर नेतृत्व छ । उनी ८६ वर्षका छन् । अर्को दल नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह ९० वर्षका भइसके । तैपनि उनी नेतृत्व हस्तान्तरण गर्दैनन् । उल्टो आफूविरुद्ध बोल्ने नेताहरूमाथि कारबाहीको डण्डा चलाएका छन् । सो पार्टीको चुनावी दल राष्ट्रिय जनमोर्चामा सिंहकै विश्वासपात्र चित्रबहादुर केसी अध्यक्ष छन् । उनी पनि ८४ वर्षका भइसकेका छन् ।

स्वास्थ्यले साथ दिँदो हो त, ७९ वर्षीय मोहन वैद्य किरणले सम्भवतः क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्व छाड्ने थिएनन् । स्वास्थ्य अवस्था बिग्रिएपछि गत महिना उनले सक्रिय राजनीति विश्राम लिएका छन् । तर नयाँ नेतृत्वमा उनीभन्दा मात्र दुई वर्ष कान्छा सिपी गजुरेल आएका छन् । झापा विद्रोहका नेता सिपी मैनालीको पार्टी खिइएर निकै सानो भइसकेको छ । ७४ वर्षीय मैनालीले झन्डै २४ वर्षदेखि पार्टीसत्ता चलाइरहेका छन् । वाम दलजस्तै मधेसकेन्द्रित दल लोसपा हाँक्ने जिम्मेवारी पनि ७५ वर्षीय वृद्धनेता महन्थ ठाकुरको काँधमा छ ।

२०७२ सालमा नयाँ संविधान आएयताको एक दशक तीन वृद्ध नेताहरू ओली, देउवा र प्रचण्डले आलोपालो शासन चलाए । त्यसबाट दिक्क भएका युवा पुस्ताले भ्रष्टाचारको विरोधसँगै वृद्ध शासनबाट मुक्ति चाहेका थिए । त्यो जेनजी विद्रोह (२३-२४, भदौ)को एजेन्डासमेत थियो । तर सोही आन्दोलनको बलमा जेनजी अगुवाको सिफारिसमा प्रधानमन्त्री नियुक्त भएकी प्रधानमन्त्री सुशीला कार्की स्वयं ७३ वर्षकी छन् । ‘जेनजी आन्दोलनले सत्ता ढालेको होइन, सरकार मात्र ढालेको हो,’ समाजशास्त्री राम गुरुङ भन्छन्, ‘त्यसैले वृद्धको शासन हल्लिएको मात्र हो, हटेका छैनन् । उनीहरू तत्कालै हट्ने स्थिति पनि देखिँदैन ।’

त्यसो हुनुको पछाडि वैकल्पिक दल र पुरानै दलभित्र पनि नेता स्थापित हुन नसक्नु मुख्य कारण रहेको उनको तर्क छ । समाजशास्त्री गुरुङका अनुसार कार्यकर्तालाई सामाजिक सुरक्षा र भरोसा चाहिन्छ । नेताले व्यक्तिगत होस् वा संस्थागत रूपमा त्यो आड भरोसा दिन सक्नुपर्छ । अहिले नेतृत्वमा रहेका नेताहरूले कुनै न कुनै रूपमा त्यो भरोसा दिलाएकै कारण उनीहरू पार्टीसत्तामा टिकेका हुन् । दलहरूभित्र वैकल्पिक नेता नजन्मिएकै कारण एउटै नेता सर्वेसर्वा भएको उल्लेख गर्दै गुरुङ भन्छन्, ‘एउटा दलको मूल नेतृत्व हुन राष्ट्रिय नेता बन्नुपर्छ । नेता बन्न खोज्ने धेरैको प्रवृत्ति नेतृत्वसँग सौदाबाजीमा सीमित छ । सोही कारण लोकतान्त्रिक आँखाबाट हेर्दा चुनाव लडेरै पनि उनै नेता आइरहेका छन् ।’ दलहरूमा नयाँ नेता नजन्मिनु नै वृद्ध शासनको आधार बनेको उनी बताउँछन् ।

समाजशास्त्री सम्राट शर्मा समाजका हरेक संरचनामा पुस्तान्तरण आवश्यक रहेको बताउँछन् । ‘नेपाली समाजमा पुस्तान्तरणको बहस भयो । तर संरचनात्मक रूपमा सुधार खोजिएन,’ उनी भन्छन्, ‘राजनीतिमा पुस्तान्तरणको कुरा भयो । विश्वविद्यालय, कला क्षेत्र वा अन्य क्षेत्रमा पनि अवस्था उस्तै छ । यस कारण समग्रतामै नीति र व्यवहारमा परिवर्तन आवश्यक छ ।’

सामाजिक रूपमा नै पुस्तान्तरणको कुरा सिकाउन नसक्दा नयाँ पुस्ता नेतृत्व लिन हिम्मत नगर्ने जस्तो हुन पुगेको र यही राजनीतिमा देखापरेको उनको बुझाइ छ । विद्यार्थीलाई नै परिपक्व लोकतन्त्रमा एकै व्यक्तिले निरन्तर कुनै पनि संरचनाको नेतृत्व नगर्ने परिकल्पना हुन्छ भनेर सिकाउन आवश्यक छ । उनी थप्छन्, ‘बहुमत जनताले स्वीकार गरे तापनि एकै व्यक्ति दुई कार्यकालभन्दा बढी नेतृत्वमा रहने विषयलाई परिपक्व लोकतन्त्र मानिन्न । यो नयाँ पुस्तालाई सिकाउन आवश्यक छ ।’

## नलिन्चोक...

नै भ्रष्टाचार गरेको निष्कर्ष निकालेको हो । अख्तियारले नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक अधिकारीसहित तत्कालीन निर्देशक मुरारी भण्डारी, बाहलवाला प्रबन्धक नलविक्रम थापा, उपप्रबन्धक समृद्धि श्रेष्ठविरुद्ध मुद्दा दायर गरेको छ । यस्तै, हेलिपोर्ट परामर्शदाता गुरुदत्त अधिकारी, अभियन्त्र कन्सल्टिङ प्रालि कम्पनीका सञ्चालक विजय थापाले मुद्दा दायर गरेको हो । उपप्रबन्धक श्रेष्ठबाहेक प्रत्येक व्यक्तिलाई १३ करोड ५७ लाख ४६ हजार रुपैयाँ बिगो मागदाबी गरिएको अख्तियारका प्रवक्ता राजेन्द्र पौडेलले जानकारी दिए ।

## हचुवाको...

निर्माणको डिजाइन, लागत अनुमान र ड्रइङ तयार गर्न अन्तर्राष्ट्रियस्तरमा आशयपत्रसमेत माग गरेको नदेखिएको अख्तियारले जनाएको छ । एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्नेछ कानुनी व्यवस्था भए पनि कुनै पनि तयारी गरिएको थिएन ।

### सुरक्षाको दृष्टिमा जोखिम

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन प्राधिकरणका विमानस्थल सञ्चालन विभाग प्रमुख सुभाष झाको संयोजकत्वमा गठित समितिले २०८० मंसिरमा २६ गते उडान परीक्षण गरेर पेस गरेको प्रतिवेदनमा सुरक्षाको दृष्टिले निकै जोखिम देखिएको जनाएको थियो । सो क्षेत्रमा करिब २ सय मिटरसम्मको दूरीमा रहेका करिब ४ सय घरधुरी प्रभावित हुने, जहाज सुरक्षामा कुनै पनि बखत खतरा निम्तिन सक्ने प्रतिवेदनमा छ ।

हवाई सुरक्षाको दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने यात्रु चेकिङ कक्षलगायत सुरक्षाकर्मी बस्ने ब्यारेक सुरक्षा ड्युटी पोस्टहरूको व्यवस्थासमेत छैन । यस्तै, काठमाडौं टावरसँग विमानको सञ्चार सम्पर्कका लागि आवश्यक पूर्वाधारहरूको व्यवस्थापन गर्न छुट्टै भवन नरहेको, मौसमी पूर्वाधारहरूको व्यवस्थापन नभएकाले भिजिबिलिटीमा समस्या रहेको अख्तियारको ठहर छ । हेलिपोर्टसम्म पुग्ने बाटो साघुँरो रहेको, हेलिपोर्ट क्षेत्रमा उच्च भोल्टज क्षमताको विद्युत् प्रसारण लाइन रहेकाले उडान सुरक्षामा गम्भीर चुनौती रहेको, उक्त स्थानमा हेलिकोप्टर सञ्चालनका लागि अन्य पूर्वाधारहरू नभएकाले तत्कालै सञ्चालनमा ल्याउन नसकिने प्रतिवेदनमा उल्लेख भएको भन्दै नलिन्चोक हेलिपोर्ट निर्माणमा मिलोमतो गरिएको अख्तियारको ठहर छ ।

यस्तै, ११ वटा हेलिकोप्टर अपरेटर कम्पनीमा कार्यरत ४७ जना पाइलटले हेलिप्याडबाट गरिने उड्डयन गर्दा सुरक्षा जोखिम सिर्जना भएको भन्दै व्यावसायिक हेलिकोप्टर सञ्चालन गरियो भने निकट भविष्यमा भयानक दुर्घटना घट्न सक्ने देखिएकाले हेलिप्याडको स्थान र त्यहाँबाट गरिने उड्डयन सञ्चालनका कारण गम्भीर दुर्घटना हुन चेतावनीसमेत दिएका थिए ।

## विदेश...

केही दिनअघि प्रहरीले वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिन्छु भनी १४ करोड १३ ठगी गरेको उजुरीका आधारमा मकवानपुर हेटौंडा स्थायी घर भई हाल ललितपुर बस्दै आएका शम्भु दयाल अग्रवाललाई पक्राउ गरेको थियो । प्रहरीले पक्राउ परेकालाई वैदेशिक रोजगार ऐनअनुसार अनुसन्धान तथा आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालयमा पठाउने गरेको छ । तर विभागले ठगीका उजुरीको अनुपातमा जनशक्ति कम रहेको भन्दै थप जनशक्तिको माग गर्दै आएको छ ।

## यौन...

ग्राहक रिसाए खान, बस्न र पैसा पनि नदिने धम्की दिन थाले । बाध्य भएर उनी यौन व्यवसायमा लागिन् । केही समय पहिले प्रहरीले छापा मार्ने क्रममा उनलाई उद्धार गर्‍यो ।

सविता, रमिता र निकिता प्रतिनिधि पात्र हुन् । उनीहरु तीनै जना अहिले माइती नेपालको सेल्टरमा छन् । देशभरका मुख्य सहरका होटल, दोहरी साँझ, नाच घर, खाजा घर, मसाज सेन्टरमा बालबालिका नाजायज काममा प्रयोग भइरहेका छन् । मानव बेचबिखन अनुसन्धान ब्युरोले शंका लागेका र सूचना प्राप्त भएको होटल, मसाज सेन्टर, दोहरी साँझमा छापा हान्ने र उद्धार गर्ने कामम सक्रियता बढाउँदै आएको छ ।

विगत चार महिनायता काठमाडौंका विभिन्न मसाज सेन्टर र दोहरी साँझबाट सात जना वेश्यावृतिमा संलग्न नाबालिकालाई उद्धार गरेको ब्युरोले जनाएको छ । गत आर्थिक वर्ष २० जना बालिकालाई उद्धार गरिएको थियो । ब्युरोका सूचना अधिकारी विश्वराज खड्काले भने, ‘नाबालिकाको प्रयोग भएको सूचना पाएमा तत्काल उद्धार गर्छौं, मुद्दाको प्रकृति हेरेर कसैलाई परिवारको जिम्मा लगाउँछौं, कसैको मुद्दा दर्ता गर्छौं ।’

नाबालिकबाहेक अन्य महिला पनि वेश्यावृतिमा संलग्न भएको सूचना पाएमा उद्धार गर्ने र वेश्यावृतिमा लगाउने सचालकलाई कानुनी कारबाही गर्ने उनले बताए । ‘उद्धार गरिएका बालिकालाई सेफ हाउसमा समन्वय गरेर पठाउने गर्छौं,’ उनले भने ।

आर्थिक अवस्था कमजोर भएका, बाबुआमा अलग भएर बसेका परिवारका बालिका छिटो पैसा कमाउने प्रलोभनमा वेश्यावृतिमा लाग्ने गरेको पाइएको माइती नेपालका सञ्चार अधिकृत संहिता भट्टराईले बताइन् । ‘माइती नेपालमा उद्धार गरेर ल्याइएका बालिकाहरू ड्रग्स सेवनसमेत गर्ने पाइएको छ,’ उनले भनिन्, ‘उनीहरूको उपचार गरेर पढाइमा नै जोड गर्छौं ।’

१८ वर्षदेखि माथि उमेर भएका महिलाहरूको हकमा भने उनीहरूले चाहेको सिपको तालिमको व्यवस्था गरेको उनले बताइन् । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा १५ खण्ड (ख) अनुसार १० वर्ष कैद, ५० हजार जरिमाना र दफा १७ बमोजिम पीडितलाई २५ हजार रुपैयाँ क्षतिपूर्ति तिराउने कानुनी व्यवस्था छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार वेश्यावृति गराएको कसुरमा १० वर्ष र अन्यत्रबाट ल्याई वेश्यावृतिमा संलगन गराएको पाइए थप सात वर्ष कैद सजाय तोकिएको छ । सो ऐनअनुसार, कसैले कसैलाई वेश्यावृत्तिमा लगाउन वा वेश्यावृतिमा संलग्न गराउने, मध्यस्थताको काम गर्ने, लाभ लिने कार्यलाई अवैध मानिन्छ । १८ वर्षभन्दा कम उमेर भएकासँग सहमतिमा यौन सम्पर्क, यौन व्यवसाय वा यौन दुर्व्यवहार कानुनविरुद्ध मानिन्छ ।

# निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्तसमक्ष ज्ञापनपत्र

**काठमाडौं/मस-** प्रगतिशील लोकतान्त्रिक पार्टीले आगामी निर्वाचनमा अन्तर जिल्ला तथा निर्वाचन क्षेत्र मतदानको प्रभावकारी व्यवस्था मिलाइदिन निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त समक्ष ज्ञापनपत्र बुझाएको छ । यसबाट नागरिकले आफ्नो बसोबास रहेको जिल्ला वा निकटतम् मतदान केन्द्रबाट सहज रूपमा मतदान गर्न पाउनेछन् । जसले समग्र रूपमा निर्वाचनमा जनसहभागिता उल्लेख्य रूपमा वृद्धि गर्ने सो पार्टीको बुझाइ छ ।

बुधबार निर्वाचन आयोगका कावा प्रमुख आयुक्त रामप्रसाद भण्डारीसमक्ष उनीहरूले बुझाएको ज्ञापनपत्रमा नेपालको निर्वाचन प्रक्रियालाई अझ समावेशी, सहभागितामूलक र प्रभावकारी बनाउन पार्टीले ध्यानाकर्षण गराएको हो । ज्ञापनपत्रमा भनिएको छ, ‘हाल देशभर रोजगार, अध्ययन, उपचार तथा विविध कारणले आफ्नो स्थायी ठेगानाभन्दा फरक जिल्लामा बसोबास गर्ने नागरिकको संख्या उल्लेखनीय रूपमा बढिरहेको छ । यस्ता नागरिकका लागि हाल उपलब्ध मतदान प्रक्रियाले पर्याप्त सुविधा नदिएको हुँदा उनीहरू आफ्नो मतदान अधिकारबाट वञ्चित हुने अवस्था सिर्जना भएको छ ।’

# माओवादी कर्णाली प्रदेश दलको नेताबाट शर्माद्वारा राजीनामा

**कर्णाली/मस-** नेकपा (माओवादी केन्द्र) कर्णाली प्रदेश सभा दल नेता राजकुमार शर्माले दल नेताबाट राजीनामा दिएका छन् ।

माओवादी केन्द्र कर्णाली प्रदेश सभा दलका नेता शर्माले दलका प्रमुख सचेतक कृष्णबादुर जिसीसमक्ष बुधबार राजीनामा दिएका हुन् । दलका प्रमुख सचेतक जिसीलाई उनले पत्रमार्फत सम्बोधन गर्दै लेखेका छन्, ‘उपरोक्त सम्बन्धमा म राजकुमार शर्मा माओवादी केन्द्र कर्णाली प्रदेश सभा दलको दल नेताको पदबाट राजीनामा दिएको व्यहोरा अवगत गराउँदछु ।’

कर्णाली प्रदेश सरकारका पूर्वमुख्यमन्त्रीसमेत रहेका उनले हालै गठन भएको प्रगतिशील लोकतान्त्रिक पार्टीमा आबद्ध भएसँगै दलको नेताबाट राजीनामा दिएको जानकारी दिए । माओवादी केन्द्र बिगठन भएर नेपाली कम्युनिष्ट पार्टी भएको छ । शर्माले राजीनामा दिएपछि नेपाली कम्युनिष्ट पार्टीका बाँकी १२ प्रदेश सभा सदस्यबाट दलको नेता चयन गर्ने बाटो खुला भएको प्रमुख सचेतक जिसीले बताए ।

# ‘भ्रष्टाचारविरुद्धको कारबाही रोकिएको छैन’



**काठमाडौं / मस-** प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टचार विरुद्धको कारबाही नरोकिने बताएकी छन् । जेनजी आन्दोलनको मर्मअनुसार सरकारले काम गरिरहेको र निर्वाचनको तयारीसँगै भ्रष्टाचार विरुद्धको कारबाही सँगसँगै अघि बढिरहेको उनले स्पष्ट पारे ।

नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सुदन किराती नेतृत्वको प्रतिनिधिमण्डलसँगको बुधबार सिंहदरबारमा भएको भेटका क्रममा प्रधानमन्त्री कार्कीले भने, ‘हामी काम गर्न नै आएको हो । जे सकेको गरिरहेका छौं । युवाले बलिदानी दिएर गरेको विद्रोहको मर्मअनुरूप जसरी पनि हामीले काम गर्नु छ । यो वा त्यो बहाना गरेर पन्छिने छुट छैन, हामी रोकिँदैनौं ।’

निर्वाचनको तयारी र सुशासनको जग बसाल्ने काम सँगसँगै गरिरहेको उनले बताए । भ्रष्टाचारका विषयमा छानबिन गर्न राज्यका स्थापित संरचना नै धेरै रहेको अवस्थामा थप अर्को आयोग नबनाइएको उनले प्रस्ट्याए । प्रधानमन्त्री कार्कीले भनिन्, ‘हामी कहाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोग छ, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ । केन्द्रीय अनुन्धान ब्युरो छ, विगतमा ती निकायलाई प्रभावकारी रूपमा काम गर्न नदिइएको हुन सक्छ । दलीय प्रभाव परेको हुन सक्छ, हामी कुनै प्रकारको दबाब दिँदैनौं । ती निकायले पूर्ण स्वतन्त्रताका साथ काम गरुन्, प्रभावकारी ढंगले चल्न सकुन्, समानान्तर रूपमा धेरै संरचना बनाएर मात्र नतिजा आउने होइन । मूल कुरा काम गर्ने वातावरण दिनु अहिलेको आवश्यकता हो ।’ अहिले अख्तियारले आफ्नो रफ्तार बढाइरहेको उनले बताइन् ।

सबै क्षेत्रको अति दलीयकरण हुँदा मुलुकले प्रगति गर्न नसकेको टिप्पणी गर्दै प्रधानमन्त्री कार्कीले भनिन्, ‘तपाईंहरूले समाचारमा पढिरहनुभएकै होला । केही ठूला भ्रष्टाचारका विषय र प्रभावशाली व्यक्ति जोडिएका काण्डमा सम्बन्धित निकायहरूले कदम चालेका छन् ।’

प्रधानमन्त्री कार्कीले आउँदो चुनावमा युवालाई नै संसद्मा पठाएर परिवर्तन संस्थागत गर्नुपर्ने धारणासमेत राखेको उनको सचिवालयले जनाएको छ । प्रधानमन्त्री कार्कीले भनेकी छन्, ‘यहाँ किसानका नाममा राजनीति भयो । किसानले मल पाउँदैनन् तर किसानको नेता देश विदेश घुमिरहेको हुन्छ, मन्त्री-सांसद बनिरहेको हुन्छ, कार्यकर्ता अघिपछि लगाइरहेको हुन्छ । सहुलितको मल, बीउ, ऋणसमेत उसैले एकलौटी गरिरहेको हुन्छ, अरु व्यवसाय गर्नेहरूका नाममा राजनीति भयो, आफ्नो पेसा-व्यवसाय गर्न छाडेर नेतागिरी गर्दै हिँड्ने प्रवृत्ति नै बनेको रहेछ । भ्रष्टाचारको जड यहाँ छ, यस्तो वातावरणमा कसरी देशले उन्नति गर्छ ?’

नेता किरातीसहित प्रतिनिधिमण्डलका अन्य सदस्यले जेनजीका आवाज सम्बोधन चाँडो हुनुपर्ने माग गरेका थिए । उनीहरूले आन्दोलनकारी जेनजीमाथि एकातिर प्रहरीले धरपडक गरिरहेको र अर्कोतिर केही दलले घोषित रूपमै गुण्डा परिचालन गरेको भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए । यदि कुनै दलले घोषित रूपमै गुण्डागर्दी गर्न संगठन खोलेर अघि बढ्छ भने जेनजीले प्रतिकार गर्नुपर्ने अवस्था आउन सक्छ भनी उनीहरूले चेतावनी दिए ।

# कुलमान समर्थित उज्यालो नेपाल पार्टीको घोषणा




**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ मंसिर

सहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ र भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको समर्थनमा उज्यालो नेपाल पार्टीको घोषणा गरिएको छ । काठमाडौं राष्ट्रिय सभागृहमा बुधबार आयोजित कार्यक्रमबाट उक्त पार्टीको घोषणा गरिएको हो । उज्यालो नेपाल पार्टी पूर्वसचिव अनुपकुमार उपाध्यायको अध्यक्षमा निर्वाचन आयोगमा दर्ता छ । यस पार्टीले बलिरहेको चिम चुनाव चिह्न राखेको छ ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले भ्रष्टाचार अन्त्य भएपछि मुलुक समृद्धिको दिशामा अघि बढ्ने बताए । उनले भने, ‘नेपाल समृद्ध हुन धेरै बेर लाग्दैन । समृद्धिको आधार सुशासन हो, जेनजी आन्दोलनले भ्रष्टाचार मुक्त देशको विषय उठाएको हो । भ्रष्टाचार मुक्त देश बन्न सक्यो भने समृद्धितर्फ अघि बढ्छ’, मन्त्री घिसिङले भने । सही पात्र सक्रिय राजनीतिमा आउनुपर्नेमा जोड दिँदै उनले सही पार्टी र नेतृत्व चुन्ने बेला आएको बताए ।

राजनीतिमा जनविश्वास सबैभन्दा महत्त्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री घिसिङले विगतदेखिका निराशा र आक्रोश जेनजी आन्दोलनका रूपमा विस्फोट भएको तर्क गरे । उनले जेनजी आन्दोलनपछिको परिवर्तनलाई संस्थागत गर्दै मुलुकलाई अग्रगामी दिशामा लैजान वर्तमान सरकार केन्द्रित भइरहेको स्पष्ट पारे ।

‘आसन्न निर्वाचनले जेनजी परिवर्तनलाई संस्थागत गर्नेछ । अब पविर्तनको नेतृत्व नयाँ र विकल्प दिन सक्ने व्यक्तित्व, संस्था र पार्टीले गर्नुपर्छ’, मन्त्री घिसिङले भने, ‘यसका लागि आमजनसमुदायको भावनाअनुसार सबै बैकल्पिक शक्ति एक ठाउँमा आउनुपर्छ । जस्तो सुकै परिस्थितिमा पनि एकताबद्ध भएर परिवर्तनलाई परिणाम दिने अवस्थामा लैजानुपर्छ ।’

पूर्वमन्त्री सुमना श्रेष्ठले वैकल्पिक शक्ति एकताबद्ध हुन नसक्दा निर्वाचनमार्फत पूरानै राजनीतिक दलहरू हाबी हुनसक्ने औँल्याउँदै अहिलेको अवस्थामा विकल्प दिन चाहने शक्तिहरू एक हुनुपर्नेमा जोड दिइन् ।

उज्यालो नेपाल पार्टीकी नेत्री रिमा विश्वकर्माले देश र जनताले परिणाम दिनसक्ने नेतृत्व खोजिरहेको जनाउँदै क्षमतावान् व्यक्तित्वले राजनीतिमा हस्तक्षेप बढाउनुपर्ने बताइन् । त्यसक्रममा मन्त्री घिसिङले सो पार्टीको आधिकारिक वेवसाइट शुभारम्भ गरेका थिए ।

यस्तै घिसिङले घोषणापत्र समेत सार्वजनिक गरे । २०८२ सालको ‘जेन-जेड आन्दोलन’को जगमा स्थापना भएको दाबी गर्ने पार्टीले राजनीतिक अस्थिरता अन्त्य गर्न संविधान संशोधनसहित शासन प्रणाली र निर्वाचन प्रणालीमा आमूल सुधारको प्रस्ताव अघि सारेको छ ।

सात बुँदे संशोधन एजेन्डामा समानुपातिक समावेशी प्रतिनिधित्वलाई मजबुत बनाउने, प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र ५ सदस्यीय मन्त्रिपरिषद् रहने व्यवस्था, स्थानीय तहका प्रमुख-उपप्रमुखले प्रतिनिधित्व गर्ने ‘प्रदेश परिषद्’ गठन, र प्रदेश-स्थानीय तहको संरचना पुनरावलोकनजस्ता प्रस्ताव समावेश छन् ।

शासकीय सुधारतर्फ सांसद नभएका विशेषज्ञलाई मन्त्री बनाउन सकिने तर परराष्ट्र, गृह, कानून र रक्षा मन्त्रालय भने निर्वाचित सांसदकै जिम्मामा हुने व्यवस्था पार्टीले सुझाएको छ । न्यायपालिकाबाट दलीय हस्तक्षेप हटाउन न्याय परिषद् पुनर्संरचना र स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा गर्नुपर्ने माग पनि प्रस्तुत गरिएको छ । राजनीतिक स्थिरताका लागि प्रधानमन्त्रीलाई आधा कार्यकाल सरकार सञ्चालनको सुनिश्चितता, एउटै क्षेत्रबाट लगातार तेस्रो कार्यकाल उम्मेदवारी प्रतिबन्ध, समानुपातिक तथा मनोनीत सांसदका सुविधालाई एकपटकमा सीमित गर्ने जस्ता कडिका प्रस्तावहरू पनि घोषणापत्रमा छन् ।

कुलमान घिसिङको ‘चिलिमे मोडेल’ र लोडसेडिङ अन्त्यको अनुभवलाई प्रेरणाको आधार मानेको पार्टीले आत्मनिर्भर अर्थतन्त्र, गाँस-बास-कपास-शिक्षा-स्वास्थ्यलाई राज्यको अनिवार्य जिम्मेवारी बनाउने, स्वदेशी पुँजी परिचालन गरी रोजगारी सिर्जना गर्ने तथा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने लक्ष्य स्पष्ट पारेको छ । २०८२ को युवाआन्दोलनलाई संस्थागत गर्न स्थापित पार्टीले स्वदेश तथा विदेशका सक्षम, इमानदार र मेधावी नागरिकलाई आबद्ध हुन आह्वान गर्दै चुस्त, प्रविधिमैत्री र उत्कृष्टतामा आधारित नेतृत्व संरचना निर्माण गर्ने प्रतिज्ञा गरेको छ ।

# बर्दियामा बाघको संख्या तेब्बर : मानव-बाघ द्वन्द्व चुलियो



**मेनका चौधरी / मध्यान्ह**
बर्दिया, १७ मंसिर

बर्दिया राष्ट्रिय निकुञ्जमा पछिल्ला वर्षहरूमा बाघको संख्या उल्लेख्य बढेको छ ।

नेपालले अन्तर्राष्ट्रिय लक्ष्यअनुसार दशकभरमा बाघको संख्या दोब्बर बनाउने लक्ष्य पूरा गरेको छ, जसका कारण विश्वभरबाट ध्यानाकर्षण भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार हाल नेपालमा ३ सय ५५ बाघ छन्, जसमा बर्दियामा मात्रै करिब १ सय २५ रहेको छ ।

यो संख्या विस्तारका लागि संरक्षण, सुरक्षा, आवास विस्तार र शिकार नियन्त्रणलाई प्रमुख कारण मानिएको छ । नेपाल सरकारले आगामी पुस महिनामा बाघ गणना गर्ने तयारी गरेको छ, जसले पछिल्ला वर्षमा संरक्षणको प्रभाव कस्तो रहेको छ भन्ने अद्यावधिक तथ्य प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

तर, बाघको संख्या वृद्धि हुनासाथ मानव-वन्यजन्तु द्वन्द्व पनि बढेको तथ्य अधिकारी र स्थानीय दुवैले स्वीकार गरेका छन् ।

निकुञ्जको तथ्यांकअनुसार तीन आर्थिक वर्षमा बर्दियामा ३ सय २२ वन्यजन्तु मृत्यु भएका छन् र ४ सय २३ वन्यजन्तुको उद्धार गरिएको छ । वन्यजन्तु मृत्युमध्ये ठुलो हिस्सा सवारी दुर्घटना, तारजालीमा अड्किनु, कुकुरको आक्रमण, प्राकृतिक कारण, रोग, विद्युत् र आपसी द्वन्द्वका कारण भएको पाइएको छ ।

बाघकै मृत्युमा पनि आपसी लडाइँ प्रमुख कारणका रूपमा देखिएको छ । नवयुवक बाघहरू क्षेत्राधिकारका लागि प्रतिस्पर्धा गर्दा धेरैजसो आक्रमण हुने गरेको निकुञ्जका कर्मचारीहरूको भनाइ छ ।

मानवीय पक्षबाट हेर्दा बाघसँगको द्वन्द्व अत्यन्तै पीडादायी बन्दै गएको छ । तीन वर्षको अवधिमध्ये नेपालभर ५३ जनाले ज्यान गुमाएका छन्, जसमा ३४ जना बर्दियाबाट मात्र छन् । बर्दियाका मधुवन, बारबर्दिया र गेरुवा क्षेत्रलाई बाघआक्रमणका उच्च जोखिम क्षेत्रका रूपमा पहिचान गरिएको छ । मधुवन नगरपालिका-३ धनौराकी रमिता थारूको घटना यस क्षेत्रमा भएका घटनामध्ये सबैभन्दा मार्मिक मानिन्छ । उनले २०७७ कात्तिकमा एकै दिन श्रीमान र भाइ गुमाइन् ।

जंगलमा हराएका श्रीमान खोज्न गएकी रमिताले दुवै परिवार सदस्यलाई गुमाउनुपर्‍यो । अहिले उनी सानो घर, पाँच कट्ठा जमिन र दुई छोरीको पालन-पोषणको जिम्मेवारीसँग संघर्ष गरिरहेकी छन् । आर्थिक अभाव, आयको स्रोतको कमी र मनोवैज्ञानिक आघातले उनको जीवन अझ जटिल बनेको छ ।

रमिताकी भाउजु पूजा थारूले पनि श्रीमान गुमाइन् । निकुञ्जले १० लाख रुपैयाँ राहत रकम दिएपनि दुवै परिवारका लागि त्यो रकम जीवन पुनःनिर्माणका लागि पर्याप्त छैन ।

स्थानीयहरूका अनुसार मृतकका परिवारलाई राहत रकम उपलब्ध भएपनि शिक्षा, स्वास्थ्य, आय-आर्जन र लामो समयको खर्च व्यवस्थापनमा ठूलो कठिनाइ भइरहेको छ । निकुञ्जले राहत वितरणका क्रममा कडाइ अपनाउँदा, कागजात र प्रक्रिया झन्झटिलो हुँदा धेरै पीडितले समयमै राहत पाउन नसकेको गुनासो छ ।

बर्दियाको खाता करिडोर बाघ संरक्षणका दृष्टिले अन्तर्राष्ट्रिय मान्यता प्राप्त क्षेत्र हो । यही क्षेत्रमा बाघ संरक्षणको प्रभावकारीता र जैविक विविधताको उत्कृष्ट नमुना देखिँदा यसलाई ‘टी-एक्स-टु’ अन्तर्राष्ट्रिय पुरस्कार समेत प्राप्त भइसकेको छ । तर, यही करिडोर अहिले मानवीय पक्षबाट सबैभन्दा जोखिमपूर्ण क्षेत्र बनेको छ । यहाँ बाघको उपस्थिति धेरै भएकाले स्थानीय बस्ती गाउँको सुरक्षामा निरन्तर चुनौती छ । मधुवन-३ मा मात्रै पछिल्ला वर्षहरूमा ११ जनाले ज्यान गुमाएका छन् । स्थानीयको भनाइमा बाघ नियन्त्रण, वन व्यवस्थापन र राहत कार्यक्रम अझै प्रभावकारी हुन सकेका छैनन् ।

निकुञ्जले सुरक्षा व्यवस्थाका रूपमा तारबार, सोलार फेन्स र आरसीसी वाल जस्ता पूर्वाधार निर्माण गरे पनि ती पूर्ण रूपमा बाघ रोक्न सफल भएको छैन । अधिकारीहरूका अनुसार बाघहरू उच्च क्षमताका जनावर भएकाले तारजाली नाघ्ने, भत्काउने वा कमजोरी खोजेर गाउँमा पस्ने गर्छन् । निकुञ्जका वरिष्ट संरक्षण अधिकृत अशोक रामका अनुसार मानव-बाघ द्वन्द्व अन्त्य गर्न केवल पूर्वाधार निर्माणले मात्र काम नपुग्ने, मानवीय व्यवहारमा परिवर्तन, जोखिम पहिचान र सही व्यवस्थापन आवश्यक रहेको छ ।

बाघ आक्रमणबाट बच्न सफल भएका घाइतेहरूको उपचार पनि ठूलो चुनौती बनेको छ । २०८२ भदौमा आक्रमणमा परेकी जुना कुमारी चौधरीको उपचारमा डेढ लाखभन्दा बढी खर्च भएको परिवारको भनाइ छ । उनी लामो समय अस्पतालमा उपचाररत रहिन् । यस्तो घटनामा शारीरिक मात्र नभइ आर्थिक र मानसिक पक्षमा पनि गम्भीर असर पुग्ने चिकित्सकहरूको भनाइ छ । तर, गम्भीर घाइतेलाई २ लाख रुपैयाँ मात्र राहत दिने वर्तमान निर्देशिकाले वास्तविक खर्च धान्न नसक्ने स्पष्ट भइसकेको छ ।

मानिषहरूको मात्रै होइन, पशुधनको क्षति पनि ठुलो छ । तीन वर्षमा बाघले बर्दियामा ८ सय ४१ पशुपन्छी मारेको छ । विपन्न समुदायका लागि पशुधन आयको मुख्य स्रोत भएकाले यसले आर्थिक संकट थप गाढा बनाएको छ । निकुञ्जले पशुधन क्षतिपूर्तिका लागि केही रकम उपलब्ध गराए पनि प्रक्रिया जटिल र रकम न्यून भएको स्थानीयको भनाइ छ । धेरै किसानले क्षति बुझेपछि पनि उजुरी नदिने गरेका छन् ।

राहत प्रणालीमा कानुनी अस्पष्टता, क्षमता अभाव र समन्वयको कमजोरी रहेको अधिकारीहरूले पनि स्वीकार गरेका छन् । डिभिजन वन कार्यालयका प्रमुख विजय राज सुवेदीका अनुसार बाघ आक्रमण धेरैजसो सामुदायिक र सरकारी वनमा हुने गरेको छ, तर निर्देशिकाले निकुञ्ज क्षेत्रका लागि मात्रै स्पष्ट व्यवस्था गरेको छ, जसका कारण राहत वितरणमा समस्या आउँछ । उनले यस प्रणालीलाई समग्र दृष्टिले परिमार्जित गर्न जरुरी रहेको बताए ।

सरकारले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन र जीवनस्तर सुधारका लागि ‘प्रधानमन्त्री बाघ संरक्षण तथा जीविकोपार्जन कार्यक्रम’ सञ्चालन गर्ने तयारी गरेको छ । यस उद्देश्यका लागि एक अर्ब रुपैयाँ बराबरको कोष बनाउने योजना प्रस्तुत गरिएको छ । यस कार्यक्रमअन्तर्गत संरक्षण र विकासबीच सन्तुलन कायम गर्दै विपन्न समुदायका लागि आय-आर्जनका अवसर सिर्जना गर्ने लक्ष्य लिइएको छ ।

बर्दियाका धेरै गाउँहरूमा बाढी, कटान र बाघ आक्रमणका कारण विस्थापन भएको छ । गेरुवा नदीको कटानबाट १२ सय बिघाभन्दा बढी जमिन बगाएको छ र एक हजार भन्दा बढी परिवार प्रभावित भएका छन् । यस्तै करिब ३ सय परिवार विस्थापित भएका छन् । कृषि, पशुपालन र दैनिक श्रममा निर्भर समुदाय यसले दोहोरो मार परिरहेको छ । उनीहरू अब जंगल, खेत र नदी तीनैबाट जोखिममा छ ।

विशेषज्ञहरूको भनाइमा नेपालले बाघ संरक्षणमा शानदार सफलता प्राप्त गरे पनि यसको मूल्य भोगिरहेको समुदायलाई प्राथमिकतामा राख्नु जरुरी छ । बाघ विज्ञ डा.बाबुराम लामिछानेका अनुसार नेपालको संरक्षण मोडल अब मानिस र वन्यजन्तुको सहअस्तित्वमा आधारित हुनुपर्छ ।

बाघको संख्या बढाउने लक्ष्य पूरा भइसकेको तर मानिसको सुरक्षाका लागि दीर्घकालीन समाधान आवश्यक रहेको उनको तर्क छ । बर्दियामा संरक्षण, पर्यटन र जैविक विविधताले उत्पन्न गरेको अवसरलाई उपयोग गर्ने क्षमता भएपनि त्यसलाई मानवीय हितसँग जोड्न नसकिएको स्थानीयको गुनासो छ । उनीहरूको भावना अनुसार बाघ संरक्षणको मूल्य गरिब समुदायले तिर्न बाध्य भएका छन् ।

शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षालाई प्राथमिकता दिन सरकार र निकुञ्जले पर्याप्त योजना नबनाए स्थानीयको जीवन अझ कष्टकर बन्ने जोखिम छ ।

बर्दियाको अनुभवले नेपालले संरक्षणमा सफलता हासिल गर्न सक्ने क्षमता देखाएको छ । तर, यसको दीर्घकालीन टिकाउ प्रभावका लागि मानवीय पक्षलाई प्राथमिकता दिनैपर्ने आवश्यकता छ । द्वन्द्व कम गर्ने, राहत प्रणाली सरल र प्रभावकारी बनाउने, सुरक्षित बसोबास सुनिश्चित गर्ने र विकट समुदायलाई आर्थिक अवसर उपलब्ध गराउने नीति महत्वपूर्ण बन्ने देखिन्छ । संरक्षण मात्र होइन, सहअस्तित्व स्थापनाको चुनौती नेपालका लागि नयाँ लक्ष्यको रूपमा देखा परेको छ ।

# मधेशका मुख्यमन्त्री यादवले दिए राजीनामा



**काठमाडौं / मस-** सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएपछि मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पदत्याग गरेका छन् ।

विश्वासको मत पाउने सम्भावना नदेखिएपछि उनले बुधबार प्रदेशसभाको बैठकमै राजीनामा घोषणा गरेका हुन् । यादवलाई तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३) अनुसार प्रदेशसभा सबैभन्दा ठूलो दलको नेताका रूपमा मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । बर्दिबासस्थित पानस कटेजमा बिहानै यादवको नियुक्ति र शपथ ग्रहणसमेत भएपछि यसले राजनीतिक विवाद झनै बढाएको थियो । त्यसकै बीच संघीय सरकारले प्रदेश प्रमुख भण्डारीलाई पदमुक्त गरी सुरेन्द्र लाभ कर्णलाई नयाँ प्रदेश प्रमुख नियुक्त गर्ने सिफारिस गरेको थियो ।

विश्वासको मत प्रक्रियाका क्रममा विपक्षी सात दलका सांसद बैठकमा उपस्थित भएनन् । पूरा विपक्षी बेञ्च खाली रहँदा एमालेका सांसद मात्र बैठकमा देखिए । राप्रपाकी मन्त्री कञ्चन बिच्छा र नेपाल संघीय समाजवादी पार्टीकी मन्त्री विमला अन्सारी पनि उपस्थित भएका थिए । राजीनामा दिनुअघि मुख्यमन्त्री यादवले आफ्नो नियुक्ति नै बाध्यात्मक रहेकाले विश्वासको मत अनिवार्य रूपमा लिनुपर्ने स्थिति नरहेको दाबी गरे । आफ्नो २२ दिनको कार्यकाल जनतामुखी काममा केन्द्रित रहेको उल्लेख गर्दै उनले भने, ‘म कुर्सीसँग होइन, सांसदहरूसँग विश्वासको मत लिने हो । तर, उनीहरू बैठकमै आएनन् । त्यसैले राजिनामा घोषणा गर्दछु ।’ बैठक सञ्चालन गरिरहेकी उपसभामुख बबिता राउत इसरले मुख्यमन्त्री यादवले राजीनामा घोषणा गरिसकेको हुँदा विश्वासको मतसम्बन्धी प्रक्रिया अघि बढाउनुपर्ने आवश्यता नरहेको बताउँदै सभा स्थगित गरिन् ।

### राजीनामा स्वीकृत

मुख्यमन्त्री यादवले प्रदेशप्रमुख सुरेन्द्र लाभ कर्णसमक्ष बुझाभएको राजीनामा स्वीकृत भएको छ । प्रदेशप्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘नेपालको संविधानको धारा १६९ उपधारा (१) को खण्ड (क) अनुसार मुख्यमन्त्री पदबाट दिनुभएको राजीनामा आज प्रदेश प्रमुखले स्वीकृत गर्नुभएको छ ।’

प्रदेशप्रमुख कार्यालयका निमित्त सचिव शत्रुधन यादवले जारी गरेको विज्ञप्तिमा नेपालको संविधानको धारा १६९ को उपधारा (३) बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि मौजुदा मन्त्रिपरिषद्लाई प्रदेशको मन्त्रिपरिषद्को कार्यभार सञ्चालन गर्न तोकिएको व्यहोरा उल्लेख गरिएको छ ।

### मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान

मधेश प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले मुख्यमन्त्री पदमा नियुक्तिका दाबी पेस गर्न आह्वान गरेका छन् । प्रदेश प्रमुखको कार्यालयले सूचना जारी गरी शुक्रबार दिनको ५ बजेभित्र दाबी पेस गर्न आह्वान गरेको हो । प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्री सरोजकुमार यादवले दिएको राजीनामा स्वीकृत भएकाले प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभा सदस्यलाई दाबी पेस गर्न आह्वान गरिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ मंसिर २०८२ बिहीबार
4 December 2025 Thursday

## सम्पादकीय

# बैंकको विश्वास फर्काऊ

प्रभु बैंकका सिइओसहित उच्च अधिकारीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेको घटनाले देशको बैंकिङ क्षेत्रमै तरंग ल्याएको छ । त्यसै पनि बैंकिङ क्षेत्र अत्यन्त संवेदनशील हुन्छ, जहाँ निर्णयभन्दा बढी विश्वास चल्छ । त्यही विश्वासमा आमनागरिकको करोडौं–अर्बौं रूपैयाँ सुरक्षित रहन्छ । तर प्रभु बैंक प्रकरणले बैंकहरूको विश्वास मात्र गुमेको छैन, नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको भूमिकाको प्रभावकारितामाथि समेत प्रश्न उब्जिएको छ । राष्ट्र बैंकले प्रभु बैंकमा विगत दुई वर्षबीचमा नियमितबाहेक पाँचपटक अनुगमन गरेको थियो । बैंकका तथ्यांकले पनि निक्षेप, कर्जा र सञ्चालन सूचक अत्यन्त खराब अवस्थामा पुगेको नदेखाएको भनिरहेको थियो । यस्तो अवस्थामा प्रहरी नै बैंकमा पसेर सिइओ र उच्च अधिकारीलाई थुनामा राख्नुपर्ने स्थिति कसरी आयो ? यदि अनियमितता त्यति गम्भीर थियो भने राष्ट्र बैंकले नै किन कारबाही गरेन ? यस्ता प्रश्नले राष्ट्र बैंकको कमजोर नियमनलाई खुलासा गरिदिएको छ ।

राष्ट्र बैंकका अधिकारीहरूले निरीक्षणमा देखिएको कसुरका आधारमा कारबाहीका लागि प्रहरीकहाँ नपठाएको प्रस्ट पार्नुले सिआइबीले नियामक निकायलाई बाइपास गरेर बैंकिङ क्षेत्रमा सोझो हस्तक्षेप गरेको त होइन भन्ने प्रश्न पनि उठेको छ । यो अवस्था बैंकिङ प्रणालीको मूल संरचना र स्वतन्त्र नियमनमाथि नै प्रश्न उठाउने खालको हो ।

सिआइबीको कारबाहीले प्रभु बैंकमा मात्र होइन, सबै बैंकका कर्जा अधिकारी, शाखा प्रमुख र सिइओहरूमा मनोवैज्ञानिक त्रास पैदा गराएको छ । जोखिम लिएर निर्णय गर्नुपर्ने समयमा कर्मचारी अनावश्यक डरले काम गर्न नसक्ने अवस्था आउन सक्छ । जसका कारण कर्जा विस्तार रोकिने र व्यवसाय, उद्योग तथा पुँजीगत गतिविधि सुस्ताउने जोखिम पनि उत्तिकै छ । अर्कोतर्फ बैंकप्रति बचतकर्ताको विश्वास गुम्नेछ । यसले असर सिंगो अर्थतन्त्रसम्मै पर्न सक्ने देखिन्छ ।

बैंक भनेको विश्वास हो । सञ्चालकले बैंकप्रतिको विश्वास गुम्न दिनुहुँदैन । लाखौं नागरिकको जीवनभरको बचत बैंकमा छ । त्यो बचतको सुरक्षा सुनिश्चित गर्ने पहिलो र मुख्य निकाय नेपाल राष्ट्र बैंक नै हो । राष्ट्र बैंकले आफ्नो भूमिकालाई मजबुत बनाउनु, अनुगमन र कारबाहीको क्षमता प्रभावकारी रूपमा उपयोग गर्नु र प्रहरी तथा अन्य निकायसँग अधिकार क्षेत्र स्पष्ट पारेर समन्वयमा काम गर्नु अहिलेको मुख्य आवश्यकता हो । सुरक्षित र विश्वसनीय बैंकिङ प्रणाली जोगाउन राष्ट्र बैंकले आफ्नो अभिभावकीय भूमिकालाई अब झनै स्पष्ट र मजबुत बनाउनैपर्छ ।

# नेपाली माटोले खोजेको कुरा

*नेता–दलबीच कटुता, भ्रष्टाचारको चरम सीमा, बेरोजगारी, युवा पलायन, विदेशी हस्तक्षेपको बढ्दो जोखिम, यी सबै कुराले नयाँ पुस्तालाई सडकमा आउन बाध्य बनाएको हो ।*

अग्रलेख



● खिमराज गिरी

नेपाली माटो अहिले मौन छ । यद्यपि, यसले इतिहासका प्रत्येक मोडमा आफ्नो भाषा, रीतिरिवाज, संस्कार र संस्कृति बोल्दै आएको छ । कहिले चित्कार, कहिले आँसु, कहिले विद्रोहका पाइला अघि बढाउँदै, कहिले बलिदानको रगतले भिज्दै, नेपाली माटो सधैं केही न केही भोगिरहेको छ ।

यही माटोले २००७ सालमा राणाशासन उखेलेको थियो भने २०१७ सालपछि पञ्चायती शासन भोग्यो । २०४६ सालमा बहुदलीय प्रजातन्त्र ल्यायो, जनतामा हर्ष फैलियो । तर २०५२ सालमा जनयुद्ध सुरु भई देश फेरि द्वन्द्वतिर मोडियो । २०६२/६३ मा राजतन्त्र समाप्त भई नेपाल गणतन्त्रमा प्रवेश गर्‍यो । आज फेरि यही माटो नयाँ पुस्ताले खोजिरहेको नयाँ परिवर्तनको यात्रामा, 'जेनजी'का नाममा, इतिहासको अर्को अध्यायको साक्षी बन्न बाध्य छ । तर प्रत्येक चरणमा उठ्ने एउटा प्रश्न भने अझै पनि अनुत्तरित छ–अन्ततः नेपाली माटोले चाहेको र खोजेको कुरा के हो ?

भूगोलका हिसाबले नेपाल हिमाल, पहाड, तराईका फाँट, हरिया जंगल, नदी, खोला, तालतलैया, झरना, थुम्का–टार र बेंसी–पहाडले बनेको राष्ट्र हो । खानी, जडीबुटी, जनावर, उर्वर जमिन र विविध प्राकृतिक सम्पदाले भरिपूर्ण यो नेपाल कतामा कमी थियो र किन प्रत्येक दशक उथल–पुथलमा फसिरहन्छ ? यो विषयमा बुद्धिजीवी र राजनीतिक दलका नेताहरू बसि छलफल गर्न ढिला गर्नु हुँदैन । संसारकै अग्लो शिखर होस् वा प्राकृतिक सम्भावना– सबै भएका देशमा राजनीतिक द्वन्द्व किन निरन्तर उब्जिरहन्छ ? बदलिँदो विश्व परिवेशमा नेपाली माटोले वास्तवमा के खोजिरहेको छ ? यही विषयमा केही चर्चा गरौँ ।

२००७ सालको क्रान्तिले १०४ वर्ष लामो राणाहरूको निरंकुशतालाई अन्त्य गर्‍यो । बोल्ने, लेख्ने स्वतन्त्रता नभएको, सारा राज्यशक्ति राणाको हातमा सीमित परेको अवस्थामा नेपाली माटोले स्वतन्त्रता खोज्दै थकित भएको थियो । भारतीय दूतावासमा सरण लिन बाध्य बनेका राजा त्रिभुवन शाह, भारत र राजनीतिक दलहरूको संयुक्त प्रयत्नपछि मात्र राणाशासन ढल्यो र देशले प्रजातन्त्रको पहिलो मिठास चाख्यो ।

तर प्रजातन्त्र प्राप्तिपछि २००७ सालदेखि २०१७ सालसम्मको दशक भने राजनीतिक अस्थिरतामै बित्यो । स्वतन्त्रता आइसके पनि दल, राजतन्त्र र राणाहरूबिचको अहंकार, पारस्परिक खिचातानी र भारतको बदलिँदो स्वार्थले देश उभिन सकेन । भारतले नेपाललाई भुटानी मोडेलतर्फ लैजान खोजेको भनाइ, रक्षा तथा परराष्ट्र मन्त्रालय आफ्नो मातहत राखिएको घटना, जवारलाल नेहरू र इन्दिरा गान्धीको कूटनीति–सबैले नेपाली माटोलाई थप चुनौती दिए ।

२०१५ मा आमनिर्वाचन घोषणा भई २०१६ मा भएको चुनावमा नेपाली कांग्रेस बहुमतमा आयो । तर कांग्रेसभित्रकै कलह, निरन्तर सरकार ढल्ने र बन्ने संस्कार र प्रतिपक्ष कम्युनिस्टको सीमित प्रतिनिधित्व–यी सबैले प्रजातन्त्रलाई मजबुत बन्न दिएनन् । २००७ देखि २०१७ सम्मको समय राजनीतिक अस्थिरताको दशकका रूपमा परिचित रह्यो ।

यस पृष्ठभूमिमा दलहरूको अकर्मण्यता र भारतको बढ्दो प्रभाव देखेर राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे । दल प्रतिबन्धित भए, तर असंलग्न परराष्ट्र नीति, पञ्चवर्षीय योजना, शिक्षा–स्वास्थ्य सुधार, सडक निर्माण र उद्योग स्थापनाले कुनै हदसम्म राष्ट्रिय स्वाभिमान टिकाइ राख्यो । यही अनुभवपछि २०४६ मा नेपाली माटोले पुनः बहुदलीय प्रजातन्त्र रोज्यो । सञ्चारमाध्यम स्वतन्त्र भए, निजी सञ्चार



बढे, विदेशी लगानी बढ्यो, विकासका संकेत देखिन थाले ।

तर राजनीतिक स्वतन्त्रताको प्रयोगसँगै हरेक दलले विभिन्न भातृ संगठन र कर्मचारी युनियन विस्तार गर्दै राज्यका हरेक क्षेत्रलाई भागबन्डाको अखडा बनाए । न्यायालयसम्म राजनीतिक भर्ती केन्द्रजस्तो बन्न थालेपछि न्यायको ध्वंस, भ्रष्टाचारको वृद्धि र सुशासनको विघटन जस्तै भयो । तर नेपाली माटोले यो चाहेको थिएन– यसले त न्याय, पारदर्शिता, विधिको शासन, समान अवसर, शिक्षा, स्वास्थ्य र रोजगारी मागेको थियो । २०५२ पछि माओवादी जनयुद्धले मुलुक फेरि रक्तरंजित बनायो । कयौंले ज्यान गुमाए, घाइते भए, अपांग बने, अझै बेपत्ता छन् । जनयुद्धको उच्च बिन्दुमा माओवादी र सात दलबीच सहमति भयो । मुलुक जनआन्दोलनमय भए । २०६२/६३ को आन्दोलनपछि लोकतन्त्र तथा गणतन्त्र आयो । तर समयक्रममा विदेशी स्वार्थको खेल बढ्दै गयो । विभिन्न फाउण्डेसन, एनजिओ–आइएनजिओ, एमसीसी र बिआरआई जस्ता परियोजनामा दलहरूको निर्भरता र कमजोरी देखियो । संविधान २०७२ जारी भयो तर दलहरूले आफ्नै स्वार्थमा त्यसको दुरुपयोग गर्दै गए ।

केपी शर्मा ओलीको कार्यकालमा सडक, सुरुङ मार्ग, खेलकुद संरचना, क्रिकेट मैदान विकास, तेल–ग्यास सम्भावना अनुसन्धान जस्ता पहल भए । तर, युवाको विदेश पलायन रोकिएन । दुईतिहाइको सरकारसम्म टिक्न नसक्ने हाम्रो राजनीतिक चरित्रले स्थिरता कहिल्यै जम्न दिएन ।

विश्व राजनीतिमा पनि नेपालप्रति चासो बढ्दै गयो । विभिन्न फाउण्डेसनमार्फत विदेशी प्रभाव र एजेन्टको सक्रियता बढ्यो । एमसीसी पारित गराउने प्रक्रियालाई लिएर दलहरूको निर्बलता झनै प्रष्ट देखियो । यही पृष्ठभूमिमा जेनजी आन्दोलन भड्कियो, जसमा धेरैको दाबीअनुसार भित्री नेटवर्कमा विभिन्न विदेशी फाउन्डेसनसँग नजिक स्थानीय पात्रहरू पनि सक्रिय थिए ।

> *नेपाली माटोले सुशासन, पारदर्शिता, समानता, भ्रष्टाचारको अन्त्य, असल नेतृत्व, रोजगारी, औद्योगीकरण, शिक्षा र स्वास्थ्यमा पहुँच, प्राकृतिक स्रोतसाधनको सदुपयोग र सर्वसत्ता सम्पन्न स्वतन्त्र राष्ट्रको पहिचान खोजिरहेको छ । युवालाई विदेश धपाउन होइन, उनीहरूको सपनाले देश हरियो बनाउन खोजिरहेको छ ।*

नेता–दलबीच कटुता, भ्रष्टाचारको चरम सीमा, बेरोजगारी, युवा पलायन, विदेशी हस्तक्षेपको बढ्दो जोखिम, यी सबैले नयाँ पुस्तालाई सडकमा ल्याएको हो । जेनजी आन्दोलनमा ७६ जनाको ज्यान जानेजस्तो दुःखद घटना भयो, थुप्रै घाइते भए । आन्दोलनबाट उठाइएका केही आकांक्षाहरू आज पनि अन्योलमै छन् ।

अन्ततः नेपाली माटोले खोजेको कुरा के हो ? यसको उत्तर धेरै जटिल लागे पनि सार भने स्पष्ट छ–माटोले सुशासन, पारदर्शिता, समानता, भ्रष्टाचारको अन्त्य, असल नेतृत्व, रोजगारी, औद्योगीकरण, शिक्षा र स्वास्थ्यमा पहुँच, प्राकृतिक स्रोतसाधनको सदुपयोग र सर्वसत्ता सम्पन्न स्वतन्त्र राष्ट्रको पहिचान खोजिरहेको छ । युवालाई विदेश धपाउन होइन, उनीहरूको सपनाले देश हरियो बनाउन खोजिरहेको छ ।

माटो भन्छ– मलाई विदेशी बुठ नबजारिदेऊ । मलाई रगतले होइन, पसिनाले सिंच । मलाई उजाड मरुभूमि होइन, युवाको आशाले हरियाली बनाऊ । मलाई विदेशी बजारको उपनिवेश होइन, स्वतन्त्र, सार्वभौम राष्ट्र हुन देऊ । आज नेताहरूले यो आवाज सुन्न जरुरी छ, किनकि माटोले खोजिरहेको छ–सुशासन, समानता, भ्रष्टाचारमुक्त शासन, असल नेतृत्व र स्वतन्त्र नेपाल । र, यो यात्रामा दलहरू अनिवार्य रूपमा सुधारिनुपर्छ, सच्चिनुपर्छ । यही हो माटोको माग, माटोको आवाज ।

## इतिहासमा आज

४ डिसेम्बर २०१४ मा इस्लामिक विद्रोहीहरूले रुसको ग्रोज्नीमा एउटा खाली स्कुल र 'प्रेस हाउस' कब्जा गर्नुअघि ट्राफिक सर्कलमा तीन राज्य प्रहरीको हत्या गरे । दस राज्य सेनाको मृत्यु र २८ घाइते भएका बन्दुकधारीहरू मारिए र दस विद्रोहीहरू मारिए ।



४ डिसेम्बर २०१५ मा इजिप्टको राजधानी कायरोको एक रेस्टुरेन्टमा आगो बम फ्याँक्दा जसमा १७ जनाको मृत्यु भएको थियो ।



४ डिसेम्बर २००५ मा हङकङमा १०औं हजार मानिसहरूले लोकतन्त्रको लागि विरोध प्रदर्शन गरे र सरकारलाई विश्वव्यापी र समान मताधिकारको अनुमति दिन आह्वान गरे ।



४ डिसेम्बर १९९२ मा राष्ट्रपति जर्ज डब्लु बुशले उत्तरपूर्वी अफ्रिकी देश सोमालियाको गृहयुद्धमा हस्तक्षेपको निर्णय गर्दै २८ हजार अमेरिकी सेना पठाउन आदेश दिएका थिए ।



# ५० वर्षपछिको वित्तीय व्यवस्थापन

विचार



● शंकरमान सिंह

> *जीवनको अन्तिम खण्डमा आर्थिक स्वतन्त्रता टिकाइ राख्न स्वास्थ्य खर्च, मुद्रास्फीति, जीवनशैली परिवर्तन र जीवनसाथीको सम्भावित दीर्घायु जस्ता पक्षहरूलाई योजनामा समावेश गर्नैपर्छ । यहाँ प्रतिफलभन्दा जोखिम व्यवस्थापन महत्वपूर्ण बन्छ ।*

धेरै ढिलो भइसकेको छैन, ५० वर्षको उमेर आफैंमा एउटा नयाँ सुरुवातको समय हो । यति बेलासम्म जीवन धेरै गतिशील भइसकेको महसुस हुन सक्छ, तर यिनै क्षणहरूमा योजनाको वास्तविक आवश्यकता तीव्र रूपमा अनुभव हुन्छ । राम्रो खबर के छ भने, जीवनको अर्को अध्याय अझै लेखिएको छैन । तपाईंले आफ्नो ५० को दशकमा गर्ने निर्णयले ६५ वर्ष र त्यसपछिको मार्गलाई पुनः आकार दिन सक्छ ।

५० वर्षभन्दा माथिका प्रत्येक व्यक्तिले मनको शान्ति, स्थिरता र स्वतन्त्रताको लागि केही महत्वपूर्ण परिवर्तनहरू अवश्य गर्नुपर्ने हुन्छ । हामी जति ५० र ६० को दशकमा प्रवेश गर्छौं, त्यति नै यो प्रश्न व्यक्तिगत बन्छ– अब भविष्य कल्पनाको होइन, तयारीको विषय बन्छ । आयु बढ्दै गएको छ तर दीर्घ आयु कसरी आर्थिक रूपमा व्यवस्थापन गर्ने भन्ने स्पष्टता भने धेरैमा अझै छैन ।

जीवनमा सञ्चित अनुभव, कुराकानी र अवलोकनले मध्य उमेरपछि स्वास्थ्य, धन, सम्बन्ध, उद्देश्य र पहिचानका क्षेत्रहरू एकअर्कासँग कसरी जोडिन्छन् भन्ने गहिरो विचार गर्न प्रेरित गर्छ । यो उमेरबारे सोच्नु भनेको बुढो भएकै अनुभूति होइन, जीवनलाई अझ परिपक्व र गहिरो रूपमा बुझ्दै अघि बढ्ने यात्रा हो ।

५० वर्षपछि पछुताउने सम्भावित आर्थिक गल्तीहरूमध्ये सबैभन्दा सामान्य भनेका समयमै बचत नगर्नु, कर प्रणाली बुझ्न बेवास्ता गर्नु, अनावश्यक ऋणमा फस्नु, वित्तीय बौद्धिकता नबढाउनु र केवल पैसामै केन्द्रित भएर जीवनका सम्बन्धहरूलाई कमजोर पार्नु हो । करोडपति भएर मात्र खुसी हुने होइन, सही वित्तीय बानी र जागरूकताले पनि स्थायी सम्पत्ति निर्माण गर्न सकिन्छ ।

अधिकांश मानिसहरू आफ्नो ५० को दशकमा आत्मविश्वासका साथ प्रवेश गर्छन् । जिम्मेवारी सम्हाली सकिएको अनुभव, बजारको उत्थानपतन देखेको इतिहास र कमाइका शिखर वर्षहरूको फायदा– यी सबैले बलियो आधार तयार गर्छन् । तर यिनै वर्षहरू जोखिमपूर्ण पनि हुन्छन्, किनकि वित्तीय नियमहरू यद्यपि खुल्लामेलो रूपमा नभएर चुपचाप बदलिँदै जान्छन् ।

५० वर्षपछि दीर्घायुको तयारी अत्यावश्यक हुन्छ । विगतमा अवकाशपछि १०-१५ वर्ष बाँच्ने अनुमान गरिन्थ्यो, तर आज ३०-४० वर्षको सम्भावित जीवन बाँकी हुन सक्छ । नेपालमा पनि आयु वृद्धि भएको औसत आयु ७१.३ वर्ष पुगेको तथ्यले वित्तीय दीर्घकालीन तयारी आवश्यक देखाउँछ । सरकारी सेवामा निवृत्ति उमेर ५८ भए पनि अन्य क्षेत्रमा फरक–फरक मापदण्ड छन्, जसले बुढ्यौलीको सुरुवातलाई स्थिर बनाउने संरचना अझै असंगत रहेको संकेत गर्छ ।

जीवनको अन्तिम खण्डमा आर्थिक स्वतन्त्रता टिकाइ राख्न स्वास्थ्य खर्च, मुद्रास्फीति, जीवनशैली परिवर्तन र जीवनसाथीको सम्भावित दीर्घायु जस्ता पक्षहरूलाई योजनामा समावेश गर्नैपर्छ । यहाँ प्रतिफलभन्दा जोखिम व्यवस्थापन महत्वपूर्ण बन्छ किनकि अप्रत्याशित बजार उतार–चढावले अवकाशपछिको जीवनमा ठूलो असर गर्न सक्छ । यसैले उच्च प्रतिफलको पछाडि भाग्नु होइन, न्यूनतम पछुतो हुने रणनीति अवलम्बन गर्नु बुद्धिमानी हुन्छ ।

५० वर्षपछि तरलता–सजिलै उपलब्ध पैसा–मनको शान्तिको सबैभन्दा ठूलो स्रोत बन्छ । आकस्मिक स्वास्थ्य उपचार, पारिवारिक आवश्यकताहरू वा आपतकालीन परिस्थितिहरूले कडा रूपमा यही क्षमतामा भर पर्छन् । त्यस्तै, उमेर बढेसँगै वित्तीय जीवन सरल बनाउनु पनि महत्वपूर्ण हुन्छ । धेरै उत्पादन, धेरै बैंक खाता वा धेरै बिचौलिया भएका जटिल संरचनाले मानसिक अव्यवस्था मात्र बढाउँछ । परिपक्व वित्तीय व्यवस्थापनको सार स्पष्टता र सरलता हो ।

जीवनका बाँकी वर्षहरू उद्देश्यका साथ बिताउन पैसालाई त्यसैअनुरूप मिलाउनु पनि अत्यावश्यक छ । उद्देश्यविहीन पैसा तनाव सिर्जना गर्छ, उद्देश्यपूर्ण पैसा स्वतन्त्रता दिन्छ । त्यसैले प्रश्न 'अब म कति कमाउने ?' होइन, 'अबका २० वर्ष कसरी बाँच्ने ?' हुनुपर्छ ।

नेपालमा जानकारीको अभाव, डिजिटल बदमासी र अज्ञानताका कारण धेरै लगानीकर्ताले आफ्नो पैसा गुमाएका उदाहरण प्रशस्त छन् । स्थिर निक्षेपदेखि उच्च जोखिम भएका इक्विटीसम्म, सबै क्षेत्रमा सूचना असमानताले जोखिम अझ बढाइदिन्छ । वित्तीय सेवा पुग्ने क्षमता कमजोर हुँदा धेरैले अनौपचारिक र कहिलेकाहीँ धोकेबाज प्रणालीमा आश्रय लिन बाध्य हुन्छन् । वित्तीय साक्षरताको आवश्यकता सर्वसाधारण मात्र होइन– बैंक तथा वित्तीय क्षेत्रका कर्मचारीहरूलाई पनि उत्तिकै छ । सही जानकारीले सही निर्णय र सुरक्षित भविष्य निर्माणमा मद्दत गर्छ । डिजिटल कारोबारको बढ्दो भूमिकालाई हेर्दा वित्तीय शिक्षा अब विकल्प होइन, पूर्वसर्त बनेको छ ।

७० प्रतिशतभन्दा बढी युवा जनसंख्याको भविष्य हेर्दा, नेपालले वित्तीय शिक्षालाई प्राथमिकताका रूपमा लिनैपर्छ । ज्ञान नै सबैभन्दा ठूलो सम्पत्ति हो । राम्रो ज्ञानले विवेकपूर्ण निर्णय, समृद्धि र गल्तीबाट बच्ने क्षमता दिन्छ । बचत, लगानी र नवप्रवर्तनले विकासलाई गति दिन्छ । वित्तीय रूपमा शिक्षित उपभोक्ताले आफ्नो हित मात्र होइन–सम्पूर्ण अर्थतन्त्रको प्रतिस्पर्धा, गुणस्तर र नवप्रवर्तनलाई पनि बल दिन्छन् ।

५० वर्ष, वित्तीय योजना बनाउन अत्यन्त महत्वपूर्ण मोड हो । यी आयका उच्चतम वर्ष हुने सम्भावना हुन्छ, साथै जीवनका पछिल्ला लक्ष्य स्पष्ट हुने समय पनि यही हो । यस उमेरमा आफू कहाँ उभिएको छ भन्नेबारे स्पष्ट तस्बिर बनाउनु पहिलो कदम हो– खाता, लगानी, ऋण, बिमा र खर्चहरूको सम्पूर्ण विवरण बुझ्नु अत्यन्त उपयोगी हुन्छ । त्यस्तै, आफ्ना लक्ष्य पुनर्समिक्षा गर्नु, परिवारको भविष्यका आवश्यकता विचार गर्नु र दीर्घकालीन हेरचाह योजनामा ध्यान दिनु बुद्धिमानी हुन्छ ।

## सामाजिक सञ्जाल



**धर्मेन्द्र जोशी**

यस विषम् परिस्थितिमा नियमित महाधिवेशनले मात्रै खास समाधान दिन सक्छ । विचार, नेतृत्व र पार्टीलाई नवजीवन दिन सक्छ । सभापति त महाधिवेशनले चुन्नेछ । त्यस्तो पार्टी बनाएर हस्तान्तरण गर्ने चाहना लोकतान्त्रिक आन्दोलनका आरोह अवरोह पार गरेर आएका पार्टी सभापतिलाई पनि हुनुपर्छ ।



**ओमकुमार थापा**

पिएचडी भीम रावलले ओलीलाई चुनौती दिँदै 'हाम्रा अध्यक्ष प्रचण्डसँग मर्निङ वाक गर्न सक्छन् ?' भनेर बेतुकको कुतर्क गरेर आफ्नो पिएचडीकै धज्जी उडाएछन् । के राजनीति भनेको लिगलिग कोटमा दौडिएर राजा बनेको जस्तो हो ? मुढे बलले राजनीति गर्ने कि विचारले ? यस्ताले परिवर्तन गर्छन् भनेर पत्याउने जमात अझै छ ?



**रोशन खड्का**

ढिलो–चाँडो जे भए पनि, रवि लामिछाने नेतृत्वको रास्वपामा कुलमान र बालेन साहको सम्भावित सहभागिताका संकेत स्पष्ट देखिन थालेका छन् । यदि यो समीकरण बनेर अघि बढ्यो भने आगामी निर्वाचनमा रास्वपा देशकै सबैभन्दा निर्णायक र प्रभावशाली राजनीतिक शक्तिका रूपमा उभिन सक्छ ।



**रतन भण्डारी**

सीमाविद्को पगरी गुथाएको देशद्रोही नेपालको अद्यावधिक नक्सालाई किन 'चुच्चे नक्सा' भन्दै भ्रम सिर्जना गर्दै छ ? भारतद्वारा अतिक्रमित लिम्पियाधुरा पूर्वको नेपाली भूमिलाई किन 'ग्रेटर कालापानी' भन्दै छ ? लिम्पियाधुरा सिलिगुरी कोरिडोरमा भारतसँग बंग्लादेश पुग्ने बाटो मागेर साटौं भनेर किन भन्दै छ ?

# हेलम्बुमा निःशुल्क आँखा स्वास्थ्य शिविर : ७४ जनाको शल्यक्रिया

**काठमाडौं/मस-** कीर्तिपुर आँखा अस्पतालले हेलम्बु गाउँपालिकामा आयोजना गरेको निःशुल्क आँखा स्वास्थ्य शिविरमार्फत ७४ जनाको मोतीविन्दु शल्यक्रिया सम्पन्न भएको छ।

रिड्ली आई फाउन्डेशनको आर्थिक सहयोगमा सञ्चालन गरिएको उक्त शिविरमा प्रारम्भिक जाँचपछि छनौट भएका बिरामीहरूको शल्यक्रिया मंसिर १० र ११ गते हेलम्बु प्राथमिक अस्पतालमा सम्पन्न गरिएको हो।

कीर्तिपुर आँखा अस्पतालका बाह्य कार्यक्रम संयोजक विशाल थापाका अनुसार शिविरमा ९ सय ५५ जनाको आँखा परीक्षण गरिएको थियो। जसमध्ये



१ सय ५६ जनामा मोतीविन्दुको समस्या पहिचान गरिएको र तीमध्ये ७४ जनाको शल्यक्रिया गरिएको हो। शल्यक्रिया आँखा जाँच सेवा नेत्ररोग विशेषज्ञ डा. एरिक वैद्यको नेतृत्वमा रहेको टोलीले प्रदान गरेको हो। त्यस्तै शिविरमा दृष्टिदोषको समस्या देखिएका १ सय ३४ जनालाई निःशुल्क चस्मासमेत वितरण गरिएको थियो।

नेपाल नेत्रज्योति संघको तथ्यांकअनुसार स्थापना कालदेखि सन् २०२४ को अन्त्यसम्म संघअन्तर्गतका अस्पतालहरूले ४ करोड ६८ लाखभन्दा बढी नागरिकलाई आँखा उपचार सेवा प्रदान गरिसकेको छ। यस्तै, ५३ लाखभन्दा बढी आँखाका शल्यक्रिया सम्पन्न भइसकेका छन्। भारत, बंगलादेश, भुटानलगायत छिमेकी मुलुकका नागरिकसमेत संघअन्तर्गतका अस्पतालहरूमा उपचारका लागि आउने गरेको तथ्यांकले देखाउँछ। सन् २०२४ मा मात्र ९ लाखभन्दा बढी विदेशी नागरिकले परीक्षण गराउँदा १ लाख ६० हजारभन्दा बढीले शल्यक्रिया सेवा प्राप्त गरेका थिए।

# रुकुम पश्चिमबाट रास्वपा कर्णाली प्रदेश समितिमा चार जना मनोनयन

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १७ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कर्णाली प्रदेश समितिमा रुकुम पश्चिमका चार जना मनोनित भएका छन्। पार्टी जिल्ला उपसभापति रिमप्रसाद शर्माका अनुसार जिल्ला कार्यसमितिबाट सिफारिस भएका चार जनालाई प्रदेशस्तरीय जिम्मेवारी प्रदान गरिएको हो।

उनका अनुसार चौरजहारी नगरपालिका-१ का शिवकुमार शर्मा र बाँफिकोट गाउँपालिका-४ का दोर्ण खड्कालाई प्रदेश समिति सदस्यमा मनोनित गरिएको छ।

त्यस्तै, त्रिवेणी गाउँपालिका-९ का निर्मलकुमार चन्दलाई मानव स्रोत तथा प्रवर्द्धन विभाग सदस्य र आठबिसकोट नगरपालिका-९




का केशवजंग मल्ललाई संगठन विभाग सदस्यमा मनोनित गरिएको छ।

गत भदौ ११ गते जिल्ला कार्यसमितिबाट उनीहरूको नाम सिफारिस गरिएको थियो। सोही सिफारिसका आधारमा मनोनयन गरिएको रास्वपा कर्णाली प्रदेश समितिका महामन्त्री ललित चन्दले जानकारी दिए।

# बर्दियाका तीन स्थानीय तहमा अपांगता भएका बालबालिकासम्बन्धी नीति बनाइँदै



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १७ मंसिर

अपांगता भएका बालबालिकाको अधिकार, संरक्षण र समावेशीकरण सुनिश्चित गर्न बर्दियाको गेरुवा गाउँपालिका तथा मधुवन र राजापुर नगरपालिकामा स्थानीय नीति निर्माण प्रक्रिया अघि बढेको छ।

उक्त नीति निर्माणको क्रममा आवश्यक दक्षता, समझदारी र व्यवहारिक ज्ञान विकास गर्ने उद्देश्यले 'अपांगता भएका बालबालिका सम्बन्धी स्थानीय नीति निर्माण कार्यशाला' सम्पन्न गरिएको छ।

यो पहललाई गुड नेर्भस इन्टरनेशनल नेपाल/यूकेको प्राविधिक सहयोग, एजुकेशन अपरचुनिटी फाउन्डेशनको आर्थिक सहयोग तथा दिगो उघम तथा वातावरण विकास कार्यका लागि सचेतना केन्द्र (सेवक नेपाल) कैलालीले आयोजना गरेको हो।

कार्यशालामा सहभागी स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला संस्था तथा समुदायस्तरका प्रतिनिधिहरूले नीति निर्माणका मुख्य आधार, सिद्धान्त र कार्यान्वयन पक्षमा विस्तृत छलफल गरेका छन्।

कार्यशालामा प्रस्तुत नीति प्रारम्भिक खाकाले अपांगता भएका बालबालिकाको अधिकार, संरक्षण, विकास र समावेशीकरणलाई प्रमुख आधार बनाएको छ। विशेषगरी अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि अनुरूप स्थानीय तहमा समावेशी, पहुँचमैत्री र बालमैत्री सेवा सुनिश्चित गर्ने लक्ष्य अवलम्बन गरिएको छ।

नीति मार्फत पालिकामा बसोबास गर्ने अपांगता भएका बालबालिकाले अधिकार सम्पन्न, मर्यादित र सम्मानजनक जीवन पाउन सकून् भन्ने दीर्घकालीन सोच विकसित गरिएको आयोजक संस्थाले जनाएको छ। शिक्षा, स्वास्थ्य, पुनर्स्थापना तथा सामाजिक सुरक्षामा पहुँच बढाउनु, अपांगमैत्री पूर्वाधार तथा सेवा प्रणालीको विकास, स्थानीय स्तरमा तथ्यांक व्यवस्थापन, अनुगमन र मूल्यांकन प्रणाली मजबुत पार्नु र समुदायमा व्यवहार परिवर्तन गरी समावेशी वातावरण निर्माण गर्नु नीतिका प्रमुख उद्देश्यहरू रहेका छन्।

नीतिले भेदभावरहित, समतामूलक अवसर, समावेशी शिक्षा-स्वास्थ्य-सामाजिक सुरक्षा, सशक्तिकरण, सार्थक सहभागिता र पारदर्शितालाई आधार सिद्धान्तको रूपमा लिनेछ। अपांगता भएका बालबालिकालाई समावेशी तथा विशेष शिक्षामा अवसर, सहायक उपकरण, घरमै आधारित सिकाइ सेवा, जीविकोपार्जनका अवसर तथा सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गरिनेछ।

कार्यान्वयनका लागि अपांगता पहिचान तथा वर्गीकरण, तथ्यांक व्यवस्थापन, अपांगता अडिट, नियमित अनुगमन तथा विद्यालय, स्वास्थ्य संस्था, गैर-सरकारी संस्था र नागरिक समाजबीच समन्वय गर्ने संयन्त्र प्रस्ताव गरिएको छ।

नीति प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था तथा समुदाय/अभिभावकबीच भूमिकाको स्पष्ट विभाजन गरिएको छ। पालिकाले नीति निर्माण, योजना, बजेट र अनुगमनको जिम्मेवारी बहन गर्नेछ। विद्यालयहरूले समावेशी शिक्षा र नियमित मूल्यांकनमा भूमिका खेल्नेछन् भने स्वास्थ्य संस्थाहरूले थेरापी तथा आवश्यक स्वास्थ्य सेवा प्रदान गर्नेछन्।

समुदाय र अभिभावकले निरन्तर समर्थन, सहयोग र व्यवहार परिवर्तनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। कार्यशालाले तीनै पालिकामा अपांगता भएका बालबालिकाका आवश्यकता, चुनौती र सेवा अभाव पहिचान गर्दै दिगो, व्यवहारिक र अधिकार-आधारित स्थानीय नीति निर्माणको आधार तयार गरेको आयोजकले जानकारी दिएको छ।

# रौतहटमा सवारी दुर्घटना हुँदा सात जना घाइते



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ मंसिर

रौतहटको माधवनारायण नगरपालिका-३ गौरचपुरमा सवारी दुर्घटना भएको छ।

चपुरबाट गौरतर्फ जाँदै गरेको प्र २-०३-००१ ह १०७४ नम्बरको ई-रिक्सा र विपरीत दिशाबाट आउँदै गरेको बिआर ०६ जीजी ५४०४ नम्बरको भारतीय पिकअप गाडी एकआपसमा ठोक्किँदा रिक्सामा सवार ७ जना घाइते भएका छन्।

घाइतेमध्ये ३४ वर्षीय जनसेद आलम, २७ वर्षीय रिन्कु बैठा, उनकी ३ वर्षीया छोरी आयुषा, एक डेढ वर्षीय छोरा रोमन, २० वर्षीय राम विश्वास बैठाको शिवदर्शन अस्पताल सुकदेवचोकमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

दुर्घटना लगत्तै पिकअप गाडीका चालल एवं भारतीय नागरिक ३१ वर्षीय सन्तोषकुमार साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनी पनि सामान्य घाइते छन्।

ई-रिक्सा र पिकअपलाई प्रहरी चौकी सुकदेवचौकको नियन्त्रणमा राखिएको छ। रिक्सा चालक पनि घाइते भएको प्रहरीले जनाएको छ। घटनाबारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक विष्णु बस्यालले बताए।

# कृष्णनगरमा बहादुरगन्ज आँखा अस्पतालको नयाँ सेवा सञ्चालन

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १७ मंसिर

नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित बहादुरगञ्ज आँखा अस्पतालले कृष्णनगर नगरपालिका-१, कृष्णनगर बजारमा नयाँ व्यवस्थापनसहित 'आँखा उपचार तथा सर्जिकल सेवा केन्द्र' सञ्चालनमा ल्याउने भएको छ। स्थानीय तहमा सहज, गुणस्तरीय र सर्वसुलभ आँखा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित यही मंसिर २० गतेदेखि केन्द्रको नियमित सेवा प्रारम्भ हुने छन्द (काले बाबू) नारायणी आँखा अस्पताल, बहादुरगञ्जका वरिष्ठ प्रशासकीय अधिकृत जसराज विश्वकर्माले जानकारी दिए।

सेवा प्रारम्भसम्बन्धी नेपाल नेत्रज्योति संघका आजीवन सदस्य नसरुल्लाह खान, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णकुमार गिरी, अस्पताल प्रशासन प्रमुख डा.शमशेर थापा, वरिष्ठ प्रशासक जसराज विश्वकर्मा तथा सूचना अधिकृत बन्तुराम खड्काद्वारा संयुक्त रूपमा सार्वजनिक गरिएको हो।




नवसञ्चालित सेवा केन्द्रमार्फत आँखा उपचार, परामर्श सेवा, नियमित परीक्षण तथा आवश्यक सर्जिकल सेवा उपलब्ध हुने छ। विशेषतः मोतीबिन्दु लगायतका जटिल आँखाका रोगहरूको प्रारम्भिक परीक्षण पूर्णरूपमा निशुल्क हुने नेपाल नेत्रज्योति संघ, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्ज अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णकुमार गिरीले बताए।

मंसिर २० देखि मंसिर २६ गतेसम्म निःशुल्क आँखा परीक्षण तथा मोतीबिन्दु रोगी सूचीकृत अभियान सञ्चालन गरिनेछ। आवश्यकता अनुसार रोगीलाई बहादुरगञ्ज आँखा अस्पतालमा रेफर गरी सर्जिकल उपचार उपलब्ध गराइने आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्जका प्रमुख प्रशासक डा.शमशेर थापाले बताएका छन्।

सेवा तथा कार्यक्रमसम्बन्धी थप विवरणका लागि छन्द (काले बाबू) नारायणी आँखा अस्पताल, बहादुरगञ्जमा सम्पर्क गर्न सकिने अस्पतालका सूचना अधिकारी बालाराम खड्काले बताए।

# अपहरण तथा शरीर बन्धक कसुरमा एक जना पक्राउ



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १७ मंसिर

उदयपुरमा अपहरण तथा शरीर बन्धक कसुरमा एक जना कारागार चलान भएका छन्।

अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा फरार रहेका त्रियुगा नगरपालिका-११ बगरटोलका २३ वर्षीय उज्वल राईलाई पुर्पक्षको लागि मंगलबार कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

राईले गत भदौ १० गते त्रियुगा नगरपालिका- ११ पिजीचोकस्थित उदयपुर स्केटिङ पार्कबाट वडा नम्बर-१२ शनिमन्दिरका २० वर्षीय सञ्जीव राई र वडा नम्बर-११ शिवालय टोलका १८ वर्षीय प्रवीण श्रेष्ठलाई सोही वडाको बरुवा खोलाको किनारमा लिएर धाकधम्की दिँदै अपहरण तथा शरीर बन्धक बनाइ कुटपिट तथा यातना समेत दिइ फरार भएका थिए।

फरार रहेका उनलाई यही मंसिर १४ गते जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको टोलीले पक्राउ गरेको हो। पक्राउ परेका राईलाई जिल्ला अदालतमा पेश गरेको छ। उनलाई १६ गतेको आदेश अनुसार पुर्पक्षका लागी कारागार कार्यालय उदयपुर चलान गरेको प्रहरीको जनाएको छ।

## लागूऔषधसहित पक्राउ

**उदयपुर/मस-**उदयपुरमा ८० ट्याब्लेट र ६ एम्पुल लागूऔषधसहित एक जना पक्राउ परेका छन्।

प्रहरी चौकी लालपता उदयपुरबाट खटिएको प्रहरी टोलीले १५ गते त्रियुगा नगरपालिका-६ लालपता स्थितबाट नियन्त्रित लागूऔषध औपीडोल ८० ट्याबलेट, डायजेपाम २ एम्पुल, बुप्रेनोर्फि २ एम्पुल र फेनार्गन २ एम्पुल गरी ८० ट्याब्लेट र ६ एम्पुल नियन्त्रित लागूऔषध सहित १ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

पक्राउ पर्नेमा कटारी नगरपालिका-७ भोर्लेका २३ वर्षीय किरण नेपाली रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले बताएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०९/०७ मा दर्ता भएको **प्रा. लि. नं. ३०४२१२** को **एस. एम. हेल्थ केयर** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१८**

**ट्रष्ट गोरखा टुर एण्ड ट्राभल** को मिति २०८२/०७/२७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्रष्ट गोरखा मल्टिपर्पोज कम्पनी (दार्ता नं. ३७१२४३)** कायम गर्ने गरी मिति २०८२/०८/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ललितपुर महानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**(सार्वजनिक निर्माण महाशाखा)**
**पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल**

**लागत सहभागिता साझेदारी कार्यक्रमको लागि प्रस्ताव माग गरिएको सुचना**

प्रथम पटक प्रकाशित मितिः २०८२ मंसिर १८ गते

ललितपुर महानगरपालिका अन्तर्गत सवै वडाहरुमा सन्तुलित बिकासका लागि तथा महानगरवासीको आवश्यकता अनुसार जनताको प्रत्यक्ष संलग्नतालाई थप व्यवस्थित र प्रभावकारी वनाउने उद्देश्यले कानुन अनुसार दर्ता भएका संघ, संस्था, समुह, उपभेक्ता समुह र महानगरपालिका बिच योजनाहरु सन्चालन तथा व्यवस्थापन गर्नको लागि ललितपुर महानगरपालिका "लागत साझेदारी कार्यक्रम (सन्चालन तथा व्यवस्थापन) कार्यविधि २०७९" को परिच्छेद ३ अन्तर्गत दफ ४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२/०८३ भित्र वढिमा रु एक करोड सम्मका पुर्वाधार निर्माण तर्फका आयोजना संचालन गर्नका लागि लागत सहभागिताको रुपमा न्युनतम ४० प्रतिशत वा सो भन्दा वढी रकम व्यवस्थापन गरि संचालन गर्न ईच्छुक संघ, संस्था, समुह र उपभोक्ता समुहले यो सुचना प्रकाशन भएको मितिले १ (एक) महिना भित्र विषय खुल्ने कागजात र ललितपुर महानगरपालिकामा सम्वन्धित वडा कार्यालयको सिफारीस सहित तोकीएको ढाचाँमा निवेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएकोछ।

**आयोजना सञ्चालन क्षेत्रहरू**

क। सडक निर्माण तथा ममर्त संभार
ख। कृषि तथा सिंचाई
ग। खानेपानी
घ। स्वास्थ्य तथा सरसफाइ
ङ। शिक्षा
च। वन तथा जलाधार
छ। पर्यटन

**साउदीमा रोजगार**
कम्पनी : GULF OIL PERFORMANCE INDUSTRIAL COMPANY — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०८/१७ — चलानी नं.: ६०२४८३८४ — LT. No.: 334784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper/ordinary Labourer/loading & Unloading Worker | 13 | 0 | स. काममा दक्ष | 1200 | ४५,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २५ गते (11 December 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

**Saudi Arabia मा रोजगार**
**Abrasive Technology Industries Co, Dammam, Saudi Arabia**
पूर्व स्वीकृती मिति २०८२।०४।०२ — चलानी नं. ६०२४११६८ — LT.No. 327331 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Galvanizing Machine Operator | 01 | - | कामामा दक्ष | 2000 | ७६,४६०।- | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 03 | - | कामामा दक्ष | 1200 | ४५,८७६।- | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्योहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्योहोर्ने | भीषा स्ट्याम्पिङ शुल्क कसले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिन | रोजगारदाताले व्योहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्योहोर्ने | रोजगारदाताले व्योहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | निशुल्क |

**अन्तर्वार्ता २०८२ मंसिर २५ गते (11 December, 2025) मेनपावर कार्यालय बसुन्धरामा हुनेछ।**

[illegible]

**वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.**
धापासी ७, बसुन्धारा काठमाण्डौ फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७
श्रम इजाजत न. ८३७/०६६/०६७

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ मंसिर २०८२ बिहीबार
4 December 2025 Thursday

# १३औं नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल काठमाडौंमा हुने




**काठमाडौं/मस–** विश्वभरका मानवअधिकार केन्द्रित चलचित्रलाई एउटै छानामुनी ल्याउने उद्देश्यका साथ '१३औं नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल' काठमाडौंमा हुने भएको छ ।

आगामी मंसिर २५ देखि २९ गतेसम्म काठमाडौंको चलचित्र विकास बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा हुने पाँच दिने महोत्सवमा यस वर्षको मूल विषयवस्तु 'बाल अधिकार' रहेको महोत्सव निर्देशक पाण्डव खत्रीले जानकारी दिए ।

उनले भने, 'हामीले २६ देशका ५० चलचित्रहरू प्रदर्शन गर्नेछौं । महोत्सवमा छानिएका धेरैजसो चलचित्रले कान्स, बर्लिनाले, भेनिस र बुसानजस्ता प्रतिष्ठित अन्तरराष्ट्रिय महोत्सव सहभागिता जनाइसकेका छन् । हामीले देखाउने चलचित्रले मानवअधिकारका विषयलाई सहज र सरल रूपमा दर्शकसम्म पुऱ्याउनेछन् ।'

उनले भने,'कान्स फिल्म फेस्टिभल २०२५' अन्तर्गत ' पाल्मे डी ओर' (लघु चलचित्र) विजेता 'आई एम ग्ल्याड यु आर डेड नाउ', सोही महोत्सवमा पहिलोपटक प्रदर्शनी गरिएको ' नाभी लिली' बजिका भाषामा बनेको पहिलो 'फिचर' चलचित्र 'आजुर' लगायत महोत्सवको आकर्षण रहेको छ ।'

महोत्सवका क्रममा विश्वभरका चलचित्र निर्देशक, निर्माता, कलाकार तथा मानवअधिकारकर्मीहरूको उपस्थितिमा अन्तरक्रियात्मक समूहगत छलफल, फोटो प्रदर्शनी, 'लाइभ पेन्टिङ' लगायत विभिन्न कार्यक्रम आयोजना गरिने आयोजकले जनाएका छन् ।

## 'अभिमन्यु : च्याप्टर १'को अग्रिम टिकट बुकिङ खुला




**काठमाडौं/मस–** शुक्रबारबाट प्रदशर्नमा आउने चलचित्र 'अभिमन्यु : च्याप्टर १'को अग्रिम टिकट बुकिङ खुला भएको छ । अधिकांश मल्टिप्लेक्सले मंगलबारबाट नै अग्रिम बुकिङ खुला गरेका हुन् ।

'अभिमन्यु : च्याप्टर १'ले अधिकांश मल्टिप्लेक्समा सन्तोषजनक शो पाएको छ । देशकै ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले यो सिनेमालाई आफ्नो काठमाडौंका आउटलेटमा ११ शो उपलब्ध गराएको छ ।

दोस्रो ठूलो मल्टिप्लेक्स चेन आईएनआईले आफ्ना पाँचवटा चेनमा ११ शो दिएको छ । वान सिनेमाजले दुईवटा आउटलेटमा ६ वटा शो उपलब्ध गराएको छ । विग मुभिजले २, एफक्युबले २ शो दिएको छ । अन्य सिनेमा हलले पनि यस्तै अनुपातमा शो उपलब्ध गराएका छन् । सोमबार भएको प्रिमियरमा चलचित्रले राम्रो प्रतिक्रिया पाएको थियो । चलचित्रले उठान गरेको विषय, मेकिङ, प्रस्तुति र अभिनयको खुलेर तारिफ भएको थियो । विषय, प्रस्तुति र अभिनयको तारिफ गरिएको सिनेमा हेर्नै पर्ने प्रतिक्रिया आएको थियो ।

सुशान्त गौतमले निर्देशन गरेको 'अभिमन्यु'को क्रिएटिभ निर्देशक मदन थापा हुन् । यस चलचित्रमा मुकेश खनालको लेखन रहेको छ । 'अभिमन्यु : च्याप्टर १' का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् । सिनेमाको लाइन प्रोड्युसरमा जीवन शाक्य रहेको छन् । शरद महतो डिओपी रहेको यस चलचित्रमा मनोज श्रेष्ठको भिएफएक्स, जुनिम गहतराजको रंग संयोजन, मदन घिमिरे सम्पादक रहेका छ । यो चलचित्र नेपाली र हिन्दी दुवै भाषामा नेपालभरका साथै विश्वव्यापी रूपमा प्रदर्शन गरिँदैछ ।

## 'पिआर'को ट्रेलर सार्वजनिक



**काठमाडौं/मस–** शोभित बस्नेतको निर्देशनमा बनेको नेपाली चलचित्र 'पिआर' को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा नेपालबाट पढ्नका लागि अष्ट्रेलिया पुगेका युवाहरूको संघर्ष, सपना, र यथार्थलाई केन्द्रमा राखिएको छ ।

अस्ट्रेलिया पुगेका अधिकांश नेपालीको मुख्य सपना पीआर पाउनु हुने तर, नेपालबाट ऋण लिएर पठाएको सन्तानले पैसा पठाउन नसक्दा उत्पन्न हुने पारिवारिक तनाव र विदेशमा भोग्नुपर्ने चुनौतीपूर्ण परिस्थितिलाई निर्देशक बस्नेतले फिल्ममा प्रस्तुत गरेको ट्रेलरबाट बुझ्न सकिन्छ ।

मंसिर २६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा आर ए सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी मस्तानी, विमला खत्री, गणेश बुढाथोकी, म्याक्स कृष्ण थापा, नवीन घायल, नीर शाह, गौरी मल्ल, रविन्द्र खड्का, उत्तम केसी नेपाल, दीक्पाल कार्की लगायतको अभिनय रहेको छ । फिल्ममा गणेश बुढाथोकीको लेखन रहेको छ ।

सलोन-सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको 'पीआर'का प्रस्तुतकर्ता रञ्जित साह र सन्तोष तिवारी हुन् भने निर्मातामा लक्ष्मण सापकोटा र प्रदीप दाहाल रहेका छन् ।


### कुवेत र यूएईमा रोजगार

कम्पनी : AL HAJRI GENERAL TRADING & CONTRACTING CO. शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/१७ चलानी नं.: ६०२४८३६८ LT. No.:334741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer/Gardener | 180 | 0 | स. काममा दक्ष | 95 | ४४,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EMPOWER EMPLOYMENT SERVICES L.L.C. शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०८/१७ चलानी नं.: ६०२१३५५६ LT. No.:298487 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer/construction Worker | 22 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३५,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reinforcing Fitter Assistant(Construction Worker) | 50 | 0 | | 1200 | ४६,८८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २५ गते (11 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कुवेतको रु.१०,००० यूएईको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145
Mobile No: 9813995098, 9851003367.

### कुवेतमा रोजगार

कम्पनी: CAPITAL SERVICE COMPANY FOR GENERAL BUILDING CLEANING SERVICES शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/१७ चलानी नं.: ६०२४८४०० L.T. No.: 334733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner (Female) | 0 | 10 | स. काममा दक्ष | 100 | ४६,७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २५ गते (11 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMEGA POWER MINDS PVT.LTD. Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

### ZERO COST कतारमा वैदेशिक रोजगारीको अवसर

कम्पनी: URBAN HOSPITALITY SERVICES शहर:QATAR,DOHA
पूर्व स्वीकृत मितिः २०८२/०८/१५ चलानी नं.: ६०२४८२०८ LT. No.:334556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Claener Worker | 47 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tecnician | 32 | 0 | | 1100 | ४३,३१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ मंसिर २५ गते (11 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Paramount Employment Consultant Pvt. Ltd.
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052 Email: admin@paramount-consultant.com.
Web: www.paramountconsultant.com
Govt. Lic No.:417/060/061

### कतारमा रोजगार

कम्पनी : PIGEON ENGINEERING PROJECTS FOR TRADING AND GENERAL SERVICES शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/०८/१७ चलानी नं.: ६०२४८३७० L.T. No.: 334749

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४३३१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 1000 | ३९३८० | | | | | | | |
| 3. | Reinorc Fitter | 5 | 0 | | 1900 | ७४८२२ | | | | | | | |
| 4. | Brick Masons | 8 | 0 | | 1100 | ४३३१८ | | | | | | | |
| 5. | Worker, Stone Cutting & Burnishing | 4 | 0 | | 1100 | ४३३१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २५ गते (11 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

